# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विद्यालय जानुपूर्व १-५ वर्ष उमेर समुहका वालवालिकाहरुलाई दिईने शिक्षालाई प्रारम्भिक वाल शिक्षा भनिन्छ । यस्तो खालको शिक्षाले उनीहरुको उज्ज्वल भविष्य निर्माण गर्न सहयोग गर्दछ । बालबालिकाहरु नै देशका भविष्य हुन् । उचित तवरले बालबालिकाको शिक्षादिक्षा, पालन पोषणको व्यवस्था हुन सकेमा बालबालिकाको शारीरिक विकास, सामाजिक विकास र बौद्धिक क्षमताको विकास एवम् संवेगात्मक सन्तुलन कायम गर्न प्रेरित भई आवश्यक समय अवस्था र परिस्थितिमा उपयुक्त व्यवहार गर्न सक्षम बन्छ । देश विकासको प्रमुख शक्ति नै जनशक्ति हो । भावि जनशक्तिलाई सक्षम र सुदृढ गराउनु हामी सबैको कर्तव्य हो । तसर्थ मानिसको उमेरको सबभन्दा महत्वपूर्ण समय भनेको प्रारम्भिक बाल्यअवस्था मानिएकाले त्यसै अवस्थाबाट जीवनमा आवश्यक पर्ने सम्पूर्ण सीप र व्यवहार सिकाई अन्तर्निहित प्रतिभा प्रष्फुटन गराउनु आवश्यक हुन्छ । जसका लागि प्रारम्भिक बालविकास शिक्षाको आवश्यकता रहेको हुन्छ ।

साना उमेरमा सिकेका कुरा ठुलो उमेरमा सिकेको कुरा भन्दा मजवुत तथा महत्वपूर्ण हुने गर्दछ त्यसैले वालवालिकालाई सानै उमेरमा राम्रो खालको शिक्षा वा वानी व्यवहार सिकाएमा त्यसैको आधारमा टेकी उसले भविष्यमा पनि राम्रो गर्न सक्छ भन्न सकिन्छ अर्थात पछिको विकासलाई सहज तथा मजवुद वनाउने गर्छ । प्रारम्भिक बालविकासको उमेर भनेको २ देखि ६ वर्षको उमेरलाई मान्न सकिन्छ । यस उमेरलाई विद्यालय जानुपूर्वको उमेर पनि भनिन्छ अर्थात विद्यालय जानुपुर्व विद्यालय तथा समाजवाट सिक्नुपर्ने कुराहरुको तयारीको उमेर हो । यस समयमा सिकेका कुराहरुले उसको भावि भविष्य निर्धारण गर्न सहयोग गर्दछ । त्यसकारण यो उमेर भनेको जीवनको धेरै महत्वपुर्ण समय हो ।

आजको २१ औं शताब्दीमा प्रारम्भिक बालविकास शिक्षालाई आधारशिला शिक्षाको एउटा महत्वपूर्ण पाटोको रुपमा हेर्ने गरिन्छ । बालबालिकहरुको प्रारम्भिक जीवनले उसको भावी जीवनका धेरै कुराहरुमा प्रभाव पार्दछ । अर्थात मानव जीवनमा महत्वपूर्ण र संवेदनशिल समयको रुपमा मानिने वाल्य अवस्था भावी जीवनको आधारशिला हो । यस्तो अवस्थाका बालबालिकाहरुलाई प्रारम्भिक बालविकासको शिक्षाको माध्यमबाट उनीहरुका वर्तमानमा देखिएका समस्याहरुलाई समयमा नै सम्बन्धित निकायले नियाल्न सक्नु पर्दछ भन्ने कुरामा शिक्षाविद्हरुको एकमत रहेको छ । बालबालिकाहरुलाई सानै उमेर देखि नै शिक्षा ज्ञान दिदै गएमा ति बालबालिकाहरुको भविष्य उज्ज्जल हुन्छ भनि भविष्यवाणी गर्न पनि सकिन्छ । बालबालिका भनेका काचो माटो हुन् र उनीहरुलाई अभिभावकहरु तथा अग्रजहरुले जस्तो आकार दिन खोज्यो त्यस्तै हुने गर्दछन् । त्यसकारण बालबालिकाहरुलाई सानै उमेर देखि वा विद्यालयीय शिक्षा दिनु अगावै उनीहरुलाई आधारभूत शिक्षा दिनु जरुरी हुन्छ । यसबाट उनीहरुको सर्वाङ्गीण विकास हुनमा सहयोग पुग्दछ ।

मानव जीवनको विकास आमाको गर्भ देखि सुरु भई मृत्यु भई अन्त्य हुने गर्दछ । जब मानिस आमाको गर्भबाट बाहिर आउँदछ उसले यस संसारमा धेरै कुराहरु सिक्नुपर्ने हुन्छ । मानिस वा वालकको उमेर अनुसार मनोवैज्ञानिकहरुले वालकको विकासलाई विभिन्न अवस्थामा बाडेका छन् । जस्तै गर्भमा हुँदाको अवस्था, जन्मेको बेलाको अवस्था, जन्मे देखि एक महिनाको उमेरको अवस्था, पहिलो ६ महिनाको अवस्था, ६ महिना देखि ३ वर्षको अवस्था र ३ वर्ष देखि ६ वर्षको अवस्थालाई प्रारम्भिक वालविकासको अवस्था भनिन्छ । बालविकासका यी हरेक अवस्था महत्वपूर्ण हुन्छन् । यी हरेक अवस्थाका बालबालिकालाई सम्बन्धित अभिभावक, सहयोगी कार्यकर्ता, स्वयम्सेविका, शिक्षक आदिको सक्रिय सहयोग अपरिहार्य छ । बाल विकास भनेका बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, बौद्धिक, सामाजिक आदि पक्षको विकास भएकाले उचित वातावरणको अभावमा विकास अवरुद्ध हुन जान्छ । बालबालिका कार्यक्रम यसै परिप्रेक्ष्यमा बढि सान्दर्भिक हुन आउछ किन भने बालविकास कार्यक्रमले बालबालिकाहरुको आधारभूत आवश्यकता परिपूर्ति गर्ने लक्ष्य लिइएको हुन्छ । बालविकासको कार्यलाई झट्ट हेर्दा खान, लाउन दिन र स्वास्थ्य सम्बन्धि रेखदेख गर्ने कुरा देखिएता पनि त्यति मात्रले हुदैन । माया, ममता आपसमा अन्तरक्रिया, खेल मनोरञ्जन, अवलोकन, खोजीनीति, सिर्जनशिलता आदि वालविकासको लागि अपरिहार्य पक्ष मानिन्छन् (शर्मा २०६२) ।

तीन वर्ष देखि पाँच वर्षसम्मका बालबालिकाहरुलाई प्रदान गरिने ज्ञान, सीप, प्रारम्भिक बालविकास शिक्षा हो । यस तहमा बालबालिकाहरुलाई समुहमा मिलेर बस्ने बानीको विकास , साथीहरु बनाउने बानीको विकास, सरसफाई हुनुपर्छ भन्ने भावनाको विकास, खेलकुद तथा शारीरिक क्रियाकलापमा संकलन हुने बानीको विकास साथसाथै अरुले गरेका क्रियाकलापहरुको नक्कल गर्ने बानीको विकास, आफू भन्दा ठूलालाई आदरसम्मान र आफूभन्दा सानालाई माया ममता देखाउनु पर्छ भन्ने भावनाको विकास जस्ता कुराहरुको बारेमा सिकाइन्छ (शिक्षा विभाग, २०६२) । प्रारम्भिक बालविकास शिक्षा हाल विद्यालय स्तरको शिक्षामा सञ्चालनमा भएको पाइन्छ । यस तहलाई हाल शिशु शिक्षा, नर्सरी शिक्षा, किन्डर गार्डेन शिक्षा वा बालविकास कार्यक्रमहरुले चिनिन्छ । शिक्षा ऐन २०२८ को सातौं संसोधन २०५८ ले पूर्व प्राथमिक शिक्षा भन्नाले ४ वर्षको उमेर पूरा गरेका बालबालिकाहरुलाई १ वर्षको पूर्व प्राथमिक शिक्षा दिइने विद्यालय भनी परिभाषित गरेको छ । तसर्थ प्रारम्भिक बालविकास शिक्षा भनेको विद्यालयीय शिक्षा दिनु पूर्व अर्थात पाँच वर्ष भन्दा अगाडिको उमेरमा विद्यालयीय शिक्षा भनेको लिनको लागि तयारी अवस्थामा राख्नको लागि बालबालिकालाई दिइने शिक्षा भन्ने बुझिन्छ । त्यसैगरी शिक्षा नियमावली २०५९ का अनुसार ४ वर्ष पूरा नभएका बालबालिकालाई शारीरिक मानसिक वा बौद्धिक शिक्षा दिनको लागि खोलिएको शिशु विकास केन्द्र सम्झनुपर्दछ भनिएको छ ।

विश्वको इतिहासलाई केलाउदा प्रारम्भिक बालविकास शिक्षा पद्धतिको विकास गर्ने श्रेय शिक्षविद् मारिया मन्टेसोरीलाई जान्छ । त्यसैले उनको नामबाट नै प्रारम्भिक बालविकास शिक्षालाई मन्टेश्वरी शिक्षा नामले चिनिन थाल्यो । उनीले बालबालिकाहरुलाई नयाँ शिक्षण पद्धतिबाट शिक्षण गराई सफलता हासिल गरेकी थिइन् । नेपालको शैक्षिक इतिहासलाई हेर्दा औपचारिक रुपमा प्रारम्भिक

बालविकासको शिक्षाको थालनी सरकारी स्तरबाट वि.सं. २००७ सालबाट काटमाडौंमा एउटा मन्टेश्वरी स्कुलको स्थापनाबाट भएको पाइन्छ । वि.सं. २०२० सालमा उक्त मन्टेश्वरी स्कुल हालको ल्याब्रोटरी स्कुलमा गाभे पछि विद्यालय उमेर नपुगेका स-साना बालबालकाहरुका लागि वि.सं. २०११ सालमा शिशु कक्षाको व्यवस्था गर्न खोजिएको थियो । वि.सं. २०२२ सालमा बालमन्दिरहरुको स्थापना पश्चात शिशु शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालन भएको पाइन्छ । शिक्षा सम्बन्धि गठन भएका विभिन्न समिति, आयोग तथा योजनाहरुले प्रारम्भिक बालविकास शिक्षालाई परिभाषित गरी सञ्चालनको लागि सुझावहरु प्रस्तुत गरेका छन् । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०२८ ले पहिलो पटक पूर्व प्राथमिक शिक्षाको आवश्यकतामा जोड दिएको थियो । वि.सं. २०२२ साल देखि बालमन्दिरका माध्यमबाट सिमित मात्रामा शिशु शिक्षा कक्षा सञ्चालन गरी पूर्व प्राथमिक शिक्षा प्रदान गर्ने कार्यको सुरुवात भएको पाइन्छ । यस सन्दर्भमा शिक्षा ऐन २०२८ ले पूर्व प्राथमिक शिक्षाको औपचारिक परिभाषा दिन खोजेको पाइन्छ । उक्त ऐनले ३ वर्ष पूरा गरेका तर ५ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई दिइने शिक्षालाई पूर्व प्राथमिक शिक्षाका रुपमा परिभाषित गरेको छ । त्यसैगरी राष्ट्रिय शिक्षा आयोग २०४९ ले ५ वर्ष नपुगेका बालविकासको चौतर्फी विकासलाई ध्यानमा राख्दै १ वर्षे पूर्व प्राथमिक शिक्षालाई प्रोत्साहित गर्नु पर्ने कुरामा जोड दिएको देखिन्छ (शर्मा, २०६६) ।

आजको हाम्रो आवश्यकता वालवालिकालाई विद्यालय पुऱ्याउनु मात्र होइन, सवै विद्यालयहरुलाई वालवालिकाको इच्छा अनुसार उपयुक्त शिक्षाको व्यवस्था गर्न सक्ने पनि वनाउनु हो । यसैकारण वाल अधिकार सम्वन्धि महासन्धीले वालवालिकाको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । सोही महासन्धीले सवै वालवालिकाहरुको सर्वाङ्गीण विकासका लागि विना कुनै भेदभाव गुणस्तरीय शिक्षा पाउनु पर्ने आवश्यकता पनि स्वीकारेको छ । यसै अधिकारलाई सुनिश्चित गर्न नेपालको अन्तरिम संविधान तथा शिक्षा सम्वन्धि विविध दस्तावेजहरुले समेत मार्गनिर्देश गरेका छन् (शिक्षा विभाग २०६८) ।

## १.२ अध्ययनको औचित्य

प्राथमिक कक्षावाट सुरु भएका विद्यालय र पूर्व प्राथमिक कक्षा सञ्चालन गरी प्राथमिक तहमा पुगेका विद्यालयको शैक्षिक गुणस्तर वीच धेरै फरक पाईन्छ । राष्ट्रिय शिक्षा प्रणाली अनुसार प्राथमिक तहवाट सञ्चालित भएका विद्यालयको शैक्षिक स्तर दिनानुदिन खच्किरहेको वर्तमान परिप्रेक्षमा अधिकांश विद्यालयले प्रारम्भिक वालविकास शिक्षाको आवश्यकता महसुस गरी उक्त तहको कक्षा सञ्चालन गर्दै आएका छन् । स-साना वालवालिकालाई प्रारम्भिक वालविकासको शिक्षा दिनाले उनिहरुमा विद्यालय जाने वानीको विकास गराउने तथा विद्यालय प्रति सकारात्मक धारणाको विकाश गराउने हुँदा प्रारम्भिक वालविकासका कक्षा सञ्चालन गर्नु सराहनिय देखिन्छ । यस अध्ययनाका औचित्यहरु निम्न अनुसार रहेका छन् ।

- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक शिक्षिकालाई प्रारम्भिक वालविकाश शिक्षाको सञ्चालनको लागि भौतिक व्यवस्थापन वारे जानकारी दिनेछ ।

- अभिभावक तथा सर्वसाधारणलाई प्रारम्भिक वालविकास शिक्षाको आवश्यकता प्रति सचेत गराई यस शिक्षा प्रति आकर्षण गराउन ।
- प्रारम्भिक बालविकास शिक्षाको वारेमा सम्पुर्ण जनमानसलाई महत्व दर्शाउन यस अध्ययनको औचित्य रहेको छ ।
- प्रारम्भिक बालविकास शिक्षाको प्रभाव देशको सम्पुर्ण शैक्षिक गूणस्तरमा देखापर्ने हुनाले यसको औचित्य रहेको छ ।
- प्रारम्भिक वालविकास शिक्षाको शैक्षिक तथा भौतिक पक्षको सुधार गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न केही हदसम्म सहयोग पुर्याउन सक्ने भएकाले यसको औचित्य रहेको छ ।
- वर्तमान भौतिक तथा शैक्षिक अवस्थाको अध्ययन गरी प्रभावकारीता पत्तालगाई यसको कार्यान्वयन पक्षका सवल र कमजोरी पक्षको जानकारी गराई सुधारको लागि सचेत गराएकोछ ।

### १.३ समस्याको कथन

१देखि ५ वर्ष सम्मका वालवालिका भनेका प्रारम्भिक उमेरका वालवालिका हुन् । "भनिन्छ जग वलियो भयो भने घर वलियो हुन्छ" भन्ने नेपाली उखान छ त्यसैले शिक्षाको जग भनेकै प्रारम्भिक वालविकास तह हो । पछिल्लो समयको विकास भन्दा सुरुको विकास महत्वपूर्ण हुन्छ त्यसैले प्रारम्भिक उमेरका अर्थात विद्यालय जानुपूर्वका वालवालिकालाई घरमा नै त्यतिकै राखी रहेको अवस्था छ यस्तो अवस्थावाट वचाउन वालवालिकालाई गुणस्तरिय शिक्षा प्रदान गरी भविष्यलाई उज्ज्वल वनाउन प्रारम्भिक वालविकास तहवाट नै गुणस्तरीय शिक्षा दिनुपर्छ । वालवालिकालाई जस्तो शिक्षा दियो उनीहरुको भविष्य सोहि अनुसार निर्माण हुन्छ किनकी वालवालिकाले दिईएको शिक्षा अनुसार कार्य गर्ने गर्दछन् । तसर्थ बिद्यार्थीलाई विद्यालय शिक्षाको औपचारिक संरचना भित्र प्रवेश गराउनु पुर्व विद्यालय जाने वानिको विकास गराउन तथा गुणस्तरिय शिक्षा प्रदान गर्न विद्यालयको भौतिक पक्षको पनि महत्वपूर्ण भुमिका रहन्छ । वालवालिकाको जन्मदा उनिहरुको मस्तिष्कको विकास केवल २५ प्रतिशत मात्र भएको हुन्छ । उचित उत्प्रेरणा र अनुभुति गर्ने अवसर पाएमा यसको विकाश ५ वर्षको उमेर सम्ममा ९० प्रतिसत दिमागको विकास हुने भएकाले यस अवस्थामा उनीहरुलाई राम्रो वानीको विकास गराउनु पर्ने हुन्छ (शिक्षा विभाग २०६७) । हाम्रो जस्तो बिकासोन्मुख मुलुकमा प्रारम्भिक वालविकास शिक्षाको थालनी भएता पनि सम्पूर्ण बिद्यालयको भौतिक पक्ष अव्वल छैन जसको कारण सो तहको लागि प्रस्ताब गरेको पाठ्यक्रम प्रभावकारी रुपमा कार्यन्वयन गर्न हुन्छ भने सो समस्याले शैक्षिक गणस्तरमा गिरावट देखापर्दछ तसर्थ हाम्रा विद्यालयमा संचालन गरिएका प्रारम्भिक वालविकास तहमा भौतिक अवस्था कस्तो रहेको छ ? यसले शैक्षिक गुणस्तरमा कस्तो प्रभाव पारेको छ ? पत्ता लगाउन यो अध्ययन शिर्षकलाई मुख्य समस्याको रुपमा लिईएको थियो ।

सेरिड २०५५, का अनुसार वालवालिका लाई क्रियाकलाप गराउनु जरुरी छ । सरकारी स्तरमा सञ्चालित प्रारम्भिक वालविकास केन्द्रमा पाठ्यक्रम सञ्चालनको योजना कसरी गरिएको छ ? पाठ्यक्रम कार्यान्वयन कसरी भईरहेको छ ? सामुदायिक विद्यालयको शैक्षिक, भौतिक अवस्था कस्तो छ ? विद्यालयमा पाठ्यक्रमले निर्दिष्ट गरे वमोजिमका भौतिक एवं शैक्षिक व्यवस्थापन, शैक्षिक सामाग्री, क्रियाकलाप, शिक्षक विद्यार्थीको व्यवस्थापन, वार्षिक र दैनिक कार्यतालिका, मूल्याङ्कन प्रविधि कस्तो छ ? आदि कुराहरुको वारेमा जानकारी पाउनको लागि यो अध्ययन गरिएको थियो ।

### १.४ अनुसन्धान प्रश्न

यस अध्ययनका लागि निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नमा आधारित भई अध्ययन कार्य सम्पन्न गरिएको थियो ।

क) विद्यालयमा  कस्ता भौतिक पूर्वाधारको व्यवस्था उपलव्ध छन् ?

ख) कक्षाकोठामा शैक्षिक सामाग्रीको उपलव्धता कस्तो छ ?

ग) शिक्षक विद्यार्थीको व्यवस्थापन कसरी गरीएको छ ?

घ) प्रारम्भिक वालविकास शिक्षामा आएका वालवालिकाहरुको शारिरीक, मानसिक, वौद्धिक, संवेगात्मक एवम् सामाजिक विकास गराउन के कस्ता क्रियाकलापहरु गरिएको छ ?

ङ) कक्षाकोठामा शिक्षकको शिक्षण सिकाई क्रियाकलाप कस्तो छ ?

च) विद्यार्थीहरुले शिक्षणसिकाई क्रियाकलाप पश्चात के के कुरा सिक्न सफल भए ?

### १.५ अध्ययनको उद्देश्य

कुनै पनि कार्य गर्दा त्यस कार्यको उद्देश्य हुनुपर्दछ । लक्ष्यमा पुग्ने प्रभावकारी माध्यम भनेको नै उद्देश्य हो । उद्देश्यले कुनै पनि कार्य के का लागि गर्ने भन्ने प्रश्नको उत्तरको खोजी गर्दछ । यस अध्ययनको प्रमुख उद्देश्यहरु निम्न अनुसार राखिएको थियो ।

- प्रारम्भिक वालविकास तहको भौतिक तथा शैक्षिक अवस्थाको पहिचान गर्ने ।
- प्रारम्भिक वालविकास केन्द्रमा भएका प्रयासहरुको मुल्याङ्कन गर्ने ।
- प्रारम्भिक वालविकास तहको भौतिक तथा शैक्षिक अवस्था सुधारको उपायहरु पत्ता लगाउने ।

### १.६ अध्ययनको परिसिमा

प्रारम्भिक वालविकास शिक्षाको अध्ययन देश भरिमा व्यापक रुपमा गरिनु पर्ने भएता पनि अध्ययन कर्ताको समय, स्रोत, साधन तथा विविध वाधा व्यवधानहरुले गर्दा सिमित क्षेत्रमा रही अध्ययन कार्यलाई निश्चित स्वरुपमा सम्पन्न गर्नुपर्ने वाध्यता रहन्छ तसर्थ यस अध्ययनलाई निम्न सीमाभित्र रहेर सम्पन्न  गरिएको थियो ।

- यो अध्ययन प्रारम्भिक वालविकास शिक्षाको भौतिक एवम् शैक्षिक अवस्थाको मूल्याङ्कनमा समिति गरिएको छ ।

- यो अध्ययन काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिकामा रहेका सामुदायिक विद्यालय मध्ये आफ्नो चिनजानको विद्यालय र त्यहाँका सहयोगी शिक्षकशिक्षिका र आफुलाई अनुकुल पर्ने स्थानमा भएको कारणले  श्री नीलवराही उच्च मा.वि., कालिमाटी लाई छनोट गरी उक्त विद्यालयमा रहेका प्रारम्भिक वालविकास शिक्षा तहका वालवालिकामा समिति गरिएको छ ।
- यस अध्ययनबाट प्राप्त निष्कर्षलाइ अन्य क्षेत्रका विद्यालयमा सामान्यिकरण गर्न सकिने छैन ।
- प्रारम्भिक वालविकास शिक्षाको भौतिक एवम् शैक्षिक अवस्थाको पहिचान गर्न सिमित छ ।

## परिच्छेद दुई

## सम्बन्धित पूर्व साहित्यको समीक्षा

अनुसन्धान कार्य गर्नु अगाडी अनुसन्धान शिर्षक सँग सम्वन्धित पूर्व अध्ययन अनुसन्धन तथा पत्रपत्रिका, वुलेटिन आदिवारे अध्ययन गर्नु नै पूर्व साहित्यको समिक्षा हो । यस प्रस्तावित अध्ययन सँग सम्वन्धित पुर्व प्रकाशित लेख, रचना, पत्रपत्रिका, पुस्तकहरु, विभिन्न वुलेटिन एवम् विगतका खोज अनुसन्धान गरी सम्पन्न गरिएका अनुसन्धान शोध प्रतिवेदनहरुले ठुलो मार्ग दर्शक गरिएको छ । त्यसैले कुनैपनि विषयवस्तुको अध्ययन अनुसन्धान गर्दा आफुले गर्ने अध्ययनसग सम्वन्धित विभिन्न कुराहरुको जानकारी लिनुपर्ने हुन्छ जुन अध्ययन अनुसन्धान गर्दा सरल, ब्यवहारिक, यथार्थ, गहन, सघन सूचनाहरु प्राप्त गर्न तथा उद्देश्य अनुरुप साधन, स्रोत, प्रक्रिया, विधि के कस्तो प्रक्रिया प्रयोग गर्ने भन्ने कुराहरुको निष्कर्षमा पुऱ्याउन पूर्व साहित्यको समिक्षाले निकै मार्गदर्शकको भुमिका खेल्ने भएकाले यहाँ विभिन्न लेख, रचना, पत्रपत्रिका, पुस्तक आदि अध्ययन गरिएकोछ ।

### २.१ सैद्धान्तिक साहित्यको समीक्षा

सिकारु केन्द्रित ढाँचा अनुसार ज्ञान भनेको विद्यार्थीको अनुभव तथा अन्तरक्रिया वाट प्राप्त हुने गर्दछ । शिक्षा व्यक्तिको आवश्यकता र चाहना वाट प्राप्त हुने गर्दछ । शिक्षा प्राप्त हुन सिकारु अर्थात विद्यार्थी सक्रिय हुनुपर्दछ । यस ढाँचा अनुसार सिकारुले प्राकृतिक रुपमा केही न केही ल्याएको हुन्छ, र त्यस्ता कुराहरुलाई दवाउनु हुदैन । विद्यार्थीको आफ्नै मौलिकता हुन्छ त्यसै अनुसार शिक्षा दिनुपर्छ । यसमा सिकारु आफैं सक्रिय हुन्छन् त्यसकारण उनीहरु आफैं केही गर्न सक्दछन् । यिनीहरुको सिकाई प्रक्रिया विद्यार्थीहरुसँगको अन्तरक्रियाको परिणाम स्वरुप उत्पन्न हुने व्यवहार हो । यसमा सिकारुको क्षमता अनुसार ज्ञान पनि फरक फरक प्राप्त हुने हुन्छ । यस Ideology अनुसार विद्यार्थीहरुलाई उनिहरुको इच्छा, चाहाना र रुची अनुरुप शिक्षण गरिन्छ । शिक्षकले यसमा विद्यार्थीहरुलाई राम्रो वातावरण सिर्जना गरिदिन्छन् ।(रञ्जितकार २०१०)

वालवालिकाहरुले वातावरणसँग मुकाविला गरेर सिक्दछन् । स-साना नानीहरु स्वभावैले जिज्ञासु हुन्छन् । उनिहरु वरपरका वस्तुहरु हेरेर, छोएर वा अरुसग सोधपुछ गरेर सिक्दछन् । उनिहरु ठुलाको नक्कल गरेर पनि सिक्दछन् । संसार वारे वालकहरुको दृष्टिकोण प्रौढहरुको भन्दा भिन्न हुन्छ । उनिहरुलाई वरपरका वस्तुहरु वुझ्न समय लाग्दछ । वालकहरुले सर्वप्रथम वरपरका मुर्त वस्तुहरु प्रत्यक्ष अनुभव गरेर सिक्दछन् । यस उमेरमा वालकहरु ज्ञानिन्द्रियहरु प्रयोग गरेर सिक्दछन् । अर्थात वरपरका वस्तुहरु हेरेर, सुनेर, छोएर, सुघेर र स्वाद लिएर सिक्दछन् । सुक्ष्म तथा अमुर्त वस्तुहरु तिनिहरुले सिक्न सक्दैनन् । अर्थात सुनेर, हेरेर, सुघेर, स्वाद लिएर र छोएर आदि ज्ञानेन्द्रियहरुको माध्यमवाट वालवालिकाले सिक्दछन् ।

मानिसको विकास प्रक्रियामा प्रारम्भिक वाल्यकाल एउटा विषेश महत्वपूर्ण समय हो । यस वेला वालवालिकाले सिक्ने क्षमता र विकासको गति अत्यन्त तीव्र हुन्छ । यस कारण यस अवधिमा उनिहरुले

गरेका अनुभवहरुले उसको सिक्ने क्षमता र व्यक्तित्व विकासमा त दिर्घकालिन असर पार्छ । स्वावलम्वन, पहलशक्ति, निर्णय दिने शक्ति, सृजनात्मकता, सिक्ने क्षमता, मिलनसार हुने गूण, आत्म गौरवको भावना आदि गूणहरुको सुरुवात प्रारम्भिक वाल्यकालमा हुन्छ । यस कारण यस उमेरमा वालवालिकालाई यी गूणहरुको विकास गराउन उपयुक्त क्रियाकलापहरुमा संलग्न गराउनु पर्छ ।

त्यस्तैगरी प्रगतिवादीहरुले शिक्षालाई वालवालिकाको रुची, क्षमता एवं प्रगति अनुरुप निर्धारण गरिनु पर्दछ जसले उनिहरुको व्यत्तित्व विकासमा प्रत्यक्ष सहयोग पुऱ्यायोस । शिक्षाले वालवालिकालाई स्वप्रेरित क्रियाकलाप गर्न, आत्म निर्भर भई जीवन निर्वाह गर्न, समाजमा प्रजातान्त्रिक वातावरण एवं सद्भावना कायम गर्न तथा स्वास्थ सामाजिक जीवननिर्वाह गर्नसक्ने तुल्याउनु पर्छ भन्दछ साथै प्रगतिवादीहरुले शिक्षाका साधारण लक्ष्य हुदैनन्, लक्ष्य धेरै विशिष्ट हुन्छन् भन्दछन् । प्रगतिवादीहरुका अनुसार शिक्षाका लक्ष्यले वालवालिकाको व्यक्तिगत एवं सामाजिक स्वभाव समेटेको हुनुपर्दछ । ज्ञान पुनर्निर्माण व्यक्तिको रुची क्षमता एवं  सामाजिक आवश्यकता पुरा गर्ने खालको हुनुपर्दछ । शिक्षाको लक्ष्य वालवालिकाको मस्तिष्कलाई गतिशिल वनाई नयाँ मुल्य एवं आदर्शलाई सिकाउने हुनुपर्दछ ।

शिक्षा प्राप्तिका तरिकाहरु धेरै छन् ती मध्ये औपचारिक, अनौपचारिक तथा अनियमित गरी मुख्य ३ भागमा वाडीएको छ । त्यसैगरी शिक्षाका कार्यहरुमा मुख्यगरी सांस्कृतिक, आर्थिक, नागरिक र विश्वव्यापी कार्यहरु पर्दछन् । आजको २१ औं शताव्दीमा प्रारम्भिक वाल शिक्षालाई सिकारु केन्द्रित ढाँचा अनुसार दिनुपर्ने हुन्छ । त्यसमा पनि प्रारम्भिक वालविकास शिक्षा वालवालिकाको आधारशिला भएकाले वा उनिहरुको भावि जीवनका धेरै कुराहरुमा प्रभावपार्ने भएकाले उनीहरुको ईच्छा तथा चाहाना अनुरुप शिक्षा दिनुपर्दछ । शिक्षाको माध्यम नै सिकारु वा वालवालिकाका धरै समस्याहरु समाधान हुने गर्दछन् । शिक्षा भनेको यस्तो एउटा ज्योति हो जसले सवै  मानिसहरुको भविष्य उज्ज्वल एवं सम्वृद्ध वनाउन सहयोग पुऱ्याउदछ ।

यो अध्ययन गर्न लागिएको प्रारम्भिक वालविकास केन्द्रका वालक्रियाकलापहरु पनि ज्ञानेन्द्रियवाट प्रत्यक्ष ज्ञान प्राप्त गर्नपर्दछ भन्ने मान्यतामा आधारित छन् किनकी वालवालिकालाई प्रत्यक्ष रुपमा प्रारम्भिक वालविकास तहमा विभिन्न क्रियाकलापहरु गराईन्छ । उनीहरुको कुनैपनि कुरा हेरेर, देखेर, सुनेर, गरेर ज्ञान प्राप्त गर्दछन् । वालकको प्राकृतिक स्वभाव र ईच्छा अनुसार स्वतन्त्रतापुर्वक दिईने शिक्षाको पक्षमा प्रकृतिवादीहरु रहेका छन् । त्यसैले प्रकृतिवादी दर्शन,  सिकारु केन्द्रित ढाँचा र यो अध्ययन गर्न लागिएको विषय एकअर्कामा अन्तरसम्वन्धित छन् भन्न सकिन्छ ।

**(क) फ्रोवेलको किन्डरगार्टेन विधि**

राम्रो वातावरण शिशुलाई दिनसके मात्र शिशुको विकास चौतर्फी हुन्छ भन्ने मान्यता राख्ने फ्रोवेलले किन्डरगोर्टेन नामाकरण गरी आफ्नो विद्यालयलाई वाटिकासँग तुलना गरेका थिए । वगैचाका फूलहरूसँग शिशुको तुलना गरी फ्रोवलले आत्मा क्रियाकलापबाट सिकाउनुपर्ने कुरालाई बढी जोड दिएका छन् । कितावी ज्ञान नभई स्वतन्त्र रूपमा बालकेन्द्रित सिकाइ हुनुपर्ने उनको मान्यता थियो । कुनै पनि बालबालिकाको शिक्षा एक्लै पूर्ण हुँदैन जसका लागि अरु बालबालिकासँग घुलमिल हुनुपर्दछ । आत्मा

क्रियाकलापद्वारा शिक्षा भन्नु नै “गरेर सिक्नु” हो । फ्रोवेलको किन्डरगार्डेन विधि पनि गरेर सिक्ने सिद्धान्तमा आधारित छ । उनका अनुसार बालबालिकामा अर्न्तनिर्हित र नैसर्गिक मानवीय गुणहरूको स्वछन्दपूर्वक विकास गर्नु शिक्षणको मुख्य उद्देश्य हो । उनले कुनै पाठ्यक्रमको निर्माण नगरे पनि विद्यार्थी केन्द्रित र खेल विधिबाट बालबालिकालाई ज्ञान दिनु पर्ने कुरामा जोड दिएका छन् । फ्रोवेलले स्कुललाई वगैचा, शिक्षिकालाई माली र वालवालिकाहरुलाई विरुवाको रुपमा तुलना गरेका छन् । मालीले जमिन जोतपोत तथा सिचाई गरि माटो मलिलो वनाउँदछ अनि बीउ छर्ने काम गर्दछ । यसको फलस्वरुप नयाँ पालुवा पलाउन थाल्छ । समय समयमा गोडमेल गरी र मलजल हाली उक्त विरुवा हुर्काउने काम गर्छ । यसको फलस्वरुप फुल फुल्न थाल्दछ र वगैचाको सौन्दर्य वढ्छ । ठीक त्यस्तै गरी वालवालिकाहरुमा अन्तर निहित नैसर्गिक गुणहरुको स्वच्छन्द विकासको लागि शिक्षिकाले विद्यालय भवन तथा खेल्ने मैदानमा सरसफाई कायम गरी उपयुक्त वातावरण तयार गर्नुपर्छ । अर्थात वालवालिकाहरुमा अन्तरनिहित मानविय गुणहरुको स्वच्छन्दता पूर्वक विकास गर्न सहयोग पुर्याउनु नै यसको मुख्य दायित्व हो । (जोशी २०५४ पेज नं. २९ र ३०)

**(ख) मण्टेसोरी शिक्षा प्रणालीमा शैक्षिक वातावरण**

प्रारम्भिक वाल शिक्षा केन्द्रलाई वालगृहको रुपमा लिएको देखिन्छ । वालगृहमा घरकै वातावरणको संरचना गरिएको हुन्छ । मण्टेसरी स्कुल भवनमा धेरै कोठाहरु हुन्छन् । काम गर्ने कोठा, भान्साकोठा, स्नान कोठा, चर्पी, सुत्नेकोठा आदि हुन्छन् । यसका अतिरिक्त फुलवारी, उपकरण सहित खेल्ने मैदानको व्यवस्था गरिएको हुन्छ । यी कोठाहरु तथा मैदानको सरसफाई वालकहरुले नै गर्दछन् । यहाँ फर्निचर देखि विभिन्न सामानहरु वालकहरुको उमेर सुहाउदो वनाईएको हुन्छ । दिशा, पिसाव, नुवाईधुवाई, सरसफाई, वगैचाको हेरविचार आदि सवै काम वालसमुदायले गर्दछ । उपदेशात्मक उपकरणहरु खोलेर वच्चाहरु आफैं सिक्दछन् । उनीहरु आफ्ना रुची अनुसार कुनै न कुनै क्रियाकलापमा संलग्न हुन्छन् । उपदेशात्मक उपकरणहरु वाटै उनीहरुको ज्ञानेन्द्रियहरुलाई तालिम पुग्छ ।

स्वतन्त्र वातावरणमा वालवालिकाहरुको व्यक्तिवादी भावनाको विकास गर्नु नै मण्टेसरी शिक्षाको उद्देश्य हो । यसमा विषय केन्द्रीत पाठ्यक्रम हुदैन यसमा वालकेन्द्रीत पाठ्यक्रम हुन्छ । यसमा वालवालिकाहरुको ज्ञानेन्द्रियहरुको विकासलाई अत्यधिक महत्व दिईएको छ । वालकको सर्वाङ्गीण विकासको लागि ज्ञानेन्द्रियको विकासलाई पूर्वाधारको रुपमा लिईएको छ (जोशी २०५४, पेज ३५) ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

पूर्व प्राथमिक शिक्षाको सम्बन्धमा रुसो, पेस्तालजी जोन डिवे, मन्टेश्वरी र पियाजे जस्ता विशिष्ट व्यक्तिहरुले आ-आफ्नो धारणाहरु व्यक्त गरेको भए तापनि हाल नेपालमा सञ्चालित प्राथमिक वाल विकास कार्यक्रम वि.स. २००७ सालमा काठमाडौंमा स्थापना भएको मन्टेश्वरी स्कुलको विकसित र विस्तारित रुप हो । प्रारम्भिक वालविकास पाठ्यक्रम मन्टेश्वरी र फ्रोवेलको सिद्धान्तमा आधारित छ । तर कार्यान्वयन भने पूर्ण रुपमा सो बमोजिम हुन सकेको छैन । पूर्व प्राथमिक तहको पाठ्यक्रमको कार्यथलोको रुपमा रहेका वालविकास केन्द्रहरुले न त मन्टेश्वरीको वालगृहको रुप लिन सकेका छन् न त

फ्रोवेलको वाल उत्थानको रुप नै लिन सकेका छन् । यस्तो परिस्थितीमा सिमित शैक्षिक समग्र र भौतिक सुविधाको प्रयोग गरेर कठिन परिस्थितीमा वालवालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकासको आधारमा निर्माण गर्ने कार्यको प्रयास विभिन्न सरकारी, गैरसरकारी तथा निजी स्तरबाट भएको पाइन्छ ।

शिक्षा तथा खेलकुद मन्त्रालय र शिक्षा विभाग बाट २०६२ सालमा निर्माण गरिएको प्रारम्भिक वालविकास दिग्दर्शन (पाठ्यक्रम) पनि वालशिक्षालाई जोड दिदै स्वतन्त्र रुपमा सामग्रीको प्रयोग गरी निरन्तर मूल्याङ्कन गर्दै कार्यक्रम सञ्चालन गर्नु पर्ने भनि पूर्व प्राथमिक तहको लागि पाठ्यक्रमको निर्माण गरेको छ (शिक्षा विभाग, २०६२) ।

प्रारम्भिक वालविकास शिक्षाको वारेमा सेरिडले विभिन्न पत्रपत्रिका तथा जर्नलहरु निकाल्ने गरेको छ । यसै क्रममा ECD को तेस्रो राष्ट्रिय सम्मेलन 26 देखी 28 feb 2009 ले ECD प्रति नेपालको नीति कस्तो छ ? कसरी कार्यक्रम अगाडी वढिरहेका छन् ? ECD को असर कस्तो परिरहेको छ ? कस्ता क्रियाकलाप सञ्चालनमा छन् ? ति क्रियाकलाप कतिको Standard छन् ? सरकारी लगानी कस्तो छ यी आदि कुराहरुको प्रभावकारीता छलफल भएको थियो ।

त्यसैगरी Journal of ECD volume 4 मा Dr. Reeta Sonawat and swati to shniwal ले Multiple integrating learning styles in classroom को वारेमा एक लेख लेखेका छन् । जसमा वालवालिकालाई सिकाउन विविध वौद्धिक सिद्धान्त, विभिन्न सिक्ने पद्धति सम्वन्धि सिद्धान्त, उस्तै र फरक फरक सिकाई सम्वन्धि सिद्धान्तहरुको वारेमा चर्चा गरिएको छ ।

वालवालिकाको प्रारम्भिक सिकाई र विकासलाई केन्द्रित गरी UNESCO ले आठ वर्षसम्मको अवधिलाई प्रारम्भिक वालविकास उमेर भन्ने गरेको छ । प्रारम्भिक वाल्यवस्था सम्वन्धि अध्ययन अनुसार यस उमेरमा सिकाईको क्षमताको विकास तिव्र गतिमा भईरहेको हुन्छ । त्यसैले सवैका लागि शिक्षा ( EFA) को पहिलो अन्तर्राष्ट्रिय सम्मेलनले पनि वालवालिकाहरुले जन्मेदेखि नै सिक्न थाल्छ भन्ने तथ्यलाई सार्वजानिक रुपमा स्वीकार गरेको छ ।

प्रारम्भिक वालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका (२०६७) अनुसार वालवालिकाको उमेर अनुसार चौतर्फी विकास, सिकाई क्षमता, कक्षा १ मा विद्यालय भर्ना हुन तयारी गर्ने अभिप्रायले समुदायले सञ्चालन गरेको केन्द्रलाई समुदायमा आधारित वालविकास केन्द्र भनेको छ । यस प्रकारको केन्द्रमा ३ र ४ वर्ष उमेर पुगिसकेका दुई उमेर समुहका वालवालिकाहरुलाई एउटा स्थानमा बसेर सिक्ने वातावरण बनाइन्छ । यस्तो केन्द्र सञ्चालन गर्न एउटा सहजकर्ताको व्यवस्था गरिन्छ । यस प्रकारको केन्द्र प्राथमिक विद्यालयको पहुँच भन्दा करीव १० देखि १५ मिनेट टाढा हुनु पर्ने कुरा उल्लेख गरिएको छ । विशेष गरी यस प्रकारको वाल विकास केन्द्रले ३ र ४ वर्ष पुगेका ग्रामीण

क्षेत्रमा सबै वालवालिकाको वालविकास गर्ने अधिकार सुनिश्चित गर्न लक्षित गरिन्छ भन्ने कुरा उल्लेख गरिएको छ (शिक्षा विभाग, २०६७) ।

विद्यालय क्षेत्र सुधार योजना (२०६६-७२) ले चार वर्ष उमेरका वालवालिकाका लागि सरकारले एक वर्षको प्रारम्भिक वाल शिक्षा तथा विकास कार्यक्रमका लागि खर्च वेहोर्ने छ । तर तोकिएभन्दा कम उमेरका वालवालिकाको लागि समुदायले आफ्नै स्रोतको परिचालन गरी वालविकास कार्यक्रम संञ्चालन गर्नसक्ने कुरा उल्लेख गरिएको छ (तालिम पुस्तिका २०६८) ।

वाल ऐन (२०४८) अनुसार नेपालमा प्रत्येक वालकले पालन पोषण, शिक्षा तथा स्वास्थ्य उपचारको अधिकार पाउनु पर्छ । यसको अतिरिक्त खेलकुद र मनोरञ्जनको सुविधा पनि पाउनु पर्छ । यस ऐनको दफा ४ अनुसार वावुआमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक वालकको पालन पोषण गर्नुको अतिरिक्त निजको शिक्षा, स्वास्थ्य उपचार, खेलकुद तथा मनोरञ्जनको सुविधाहरुको व्यवस्था गर्नुपर्छ । तर वास्तविकमा लाखौ वालवालिकाहरु यी सुविधाहरुवाट वञ्चित भएका छन् । अत यी कानुन प्रदत्त सुविधाहरु वालवालिकामा पुऱ्याउनु सम्पुर्ण अभिभावकहरु, सामुदायिक कार्यकर्ताहरु, योजनाकारहरु तथा सरकारी अधिकारीहरुले संयुक्त प्रयास गर्नुपर्छ । यो वालअधिकार लाई प्रभावकारी रुप दिनको लागि प्रारम्भिक वालशिक्षा कार्यक्रमको महत्वपुर्ण भुमिका हुन्छ ।

खतिवडा (२०६३) ले "पूर्व प्राथमिक शिक्षाको प्रभाव एक अध्ययन" शीर्षकमा रहेर अध्ययन गरेको पाइयो । यस अध्ययनमा दुईवटा उद्देश्य चयन गरेको पाइयो । जसमा पूर्व प्राथमिक शिक्षाको प्रभाव पहिचान गर्ने र पूर्व प्राथमिक शिक्षाको कार्यान्वयनको स्थिति पहिचान गर्ने रहेको पाइयो । उहाँले यस अध्ययनबाट पूर्व प्राथमिक शिक्षाको प्रभाव वालवालिकाहरुमा सकारात्मक परेको र पूर्व प्राथमिक शिक्षा प्राप्त गरेका वालवालिका र नगरेका वालवालिका बीच शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक जस्ता विकासमा अन्तर हुने गरेको निष्कर्ष प्रस्तुत गरिएको पाइयो भनि अध्ययनमा उल्लेख गरेकी छिन् ।

प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले पूर्व प्राथमिक शिक्षा पाठ्यक्रमका उद्देश्यहरुको बारेमा परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले प्रारम्भिक वालशिक्षा को उद्देश्य समेतको व्यवस्था गरेको छ । उक्त पाठ्यक्रमले पूर्व प्राथमिक शिक्षाका वालवालिकाहरुमा निम्न पक्षको विकास गराउने उद्देश्य राखेको छ

(क) शारीरिक, संवेगात्मक र सामाजिक भावनाको विकासमा अवसर प्रदान गर्ने ।

(ख) सरसफाइ र सुरक्षा सम्बन्धि बानि बसाल्न प्रेरित गर्ने ।

(ग) सामान्य शिष्टाचार गर्न अभिप्रेरित गर्ने ।


(घ) प्राथमिक शिक्षाका लागि पूर्व तयारी गराउने ।

यिनै उद्देश्यहरुलाई समेत दृष्टिगत गरि २०६२ सालमा शिक्षा विभागबाट तयार भई राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदबाट स्वीकृत भई तत्कालीन नेपाल सरकारबाट समेत प्रारम्भिक

वालशिक्षा को पाठ्यक्रमका रुपमा प्रारम्भिक वालविकास दिग्दर्शन (पाठ्यक्रम) स्वीकृत भई शैक्षिक सत्र २०६३ देखि लागू भएको पाइन्छ (शर्मा, २०६८/६९) ।

यसरी माथिका सम्बन्धित अध्ययनहरुको पुनरावलोकन बाट प्रारम्भिक वालशिक्षा एक अति आवश्यक शिक्षाका रुपमा विकसित हुँदै आएको पाइन्छ । आजभोलि प्रारम्भिक वालशिक्षा पाएका वालवालिकाहरुको संख्या दिन प्रतिदिन बढ्दै गएकोले यसबाट के कति अपेक्षित उपलब्धि प्राप्त भयो सो सम्बन्धमा समय समयमा अध्ययन तथा अनुसन्धान गर्दै कार्यान्वयनमा आई परेका भौतिक र शैक्षिक समस्याहरुलाई उचित रुपमा निराकरण गर्दै अगाडी बढ्नु पर्ने देखिन्छ ।

२.३ **अवधारणात्मक ढाँचा**



## परिच्छेद तीन

## अध्ययन विधि

अध्ययन विधि भन्नाले अध्ययन अनुसन्धान तथा खोज कार्यलाई अघि वढाउन सहयोग गर्ने मार्गदर्शक हो । जसरी एउटा शिक्षकले आफ्नो शिक्षण कार्य राम्ररी सफल पार्नको लागि उसले आवश्यक पर्ने विधिको छनोट गर्नु पर्दछ । कुनै पनि विषयवस्तुको अध्ययन गर्ने क्रममा अनुसन्धान कर्ताले एउटा निश्चित अध्ययन विधिको प्रयोग गर्नु नितान्त आवश्यक छ । उपयुक्त विधिको प्रयोग विना अध्ययन सफल, प्रभावकारी र निश्चित लक्ष्यमा पुग्न नसक्ने हुँदा अनुसन्धानको क्रममा सम्वन्धित स्थानमा अनुसन्धान कार्य सफल पार्नको लागि निश्चित विधिको प्रयोग गरी प्रारम्भिक वालविकास तहको अध्ययन तथा अनुसन्धान गरिएको छ । यस अध्ययनका लागि अध्ययनकर्ता स्वयम् नमूना छनोटमा परेको क्षेत्र अन्तर्गतको प्रारम्भिक बालविकास केन्द्रमा पुगी प्रारम्भिक बालविकास केन्द्रका प्र.अ.. एवम् शिक्षकसँगको अन्तर्वार्ता/प्रश्नावली, विद्यार्थी अभिलेख जस्ता विविध साधनहरू प्रयोग गरी सम्भव भए सम्मका सबै सूचनाको सङ्कलन गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान ढाँचा भन्नाले अध्ययन, अनुसन्धान तथा खोज कार्यलाई अघि वढाउन सहयोग गर्ने मार्गदर्शक हो । यो अध्ययन प्रस्तावना पुर्णतया गुणात्मक अनुसन्धान ढाँचामा आधारित भई प्रतिवेदन तयार गरिएको छ । यसका लागि व्याख्यात्मक तथा वर्णनात्मक विधि प्रयोग गरिएको छ । सुचना संकलन गर्नका लागि गुणात्मक विधिमा अवलोकन, खुला अन्तवार्ता, प्रश्नवली आदि साधनहरुको प्रयोग गरी साथै अध्ययनको क्षेत्र अवस्था अनुसार तत्कालै अर्को साधान पनि प्रयोग गरिएको छ । अर्थात सुचनाको प्रकृति अनुसार अध्ययन ढाँचा तथा साधन प्रयोग गरिएको छ । यस अध्ययनमा भौतिक एवं शैक्षिक अवस्था हेर्ने भएकाले भैतिक र शैक्षिक व्यवस्थापन कसरी गरिएको छ ? शैक्षिक क्रियाकलाप कसरी सञ्चानन गरिएको छ ? त्यसको आधारमा लिखित र मौखिक व्यवहार कस्तो परिवर्तन भएको छ ? भन्ने कुराको अध्ययन गरिएको छ । यस अध्ययनमा अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रमा गई सूचना सङ्कलन गुणात्मक अनुसन्धान विधिका आधारमा गरी सूचनाको विश्लेषण र व्याख्या गरिएको छ ।

### ३.२ जनसंख्या र नमुना छनोट प्रक्रिया

#### ३.२.१ जनसंख्या

काठमाण्डौ जिल्लाको काठमाण्डौ महानगरपालिका अन्तरर्गत कालिमाटीमा रहेको एक सामुदायिक विद्यालय (श्री नील वराही उच्च मा. वि.) मा प्रारम्भिक वालविकास तहमा अध्ययनरत वालवालिका, शिक्षक, प्रधानाध्यापक यस अध्ययनका मुख्य जनसंख्या रहेका छन् ।

### ३.२.२ नमुना छनोट प्रक्रिया

अध्ययनको उद्देश्य अनुरुप आवश्यक पर्ने सूचनाहरु संकलन गर्न अध्ययनको क्षेत्रमा अवस्थित सबै विद्यालयका प्रारम्भिक वालविकास तहलाई समावेश गर्न नसकिने हुँदा यहाँ प्रतिनिधिमुलक नमुनाको रुपमा सुविधाजनक नमुना छनोटको उपयोग गरी विद्यालय छनोट गरिएको छ । साथै यस अध्ययनसँग सम्वन्धित प्र. अ.,शिक्षकशिक्षिका र विद्यार्थीहरु निम्न अनुसार छनोट गरिएको छ ।

**(क) विद्यालयको छनोट**

काठमाण्डौ जिल्लामा रहेका विद्यालयहरु मध्ये वाट अनुसन्धानकर्ताको आफ्नो सहजताको आधारमा वा सुविधाजनक नमुना छनोटको आधारमा एक सामुदायिक विद्यालय श्री नील वराही उच्च मा. वि. कालिमाटीलाई छनोट गरिएको छ किनकी यस विद्यालय अध्ययनकर्ताको वासस्थान वाट नजिक तथा यस विद्यालयका शिक्षकशिक्षिका सँग राम्रो चिनजान भएका आधारले छनोट गरिएको हो ।

**(ख) प्र. अ. र शिक्षकशिक्षकको छनोट**

अध्ययनका लागि छनोट भएको सामुदायिक विद्यालयका प्र. अ. स्वत छनोट गरिएको छ र उक्त विद्यालयमा प्रारम्भिक वाल शिक्षा पढाउने शिक्षक शिक्षिकाको अन्तरवार्ता तथा प्रश्नवली भराउने उद्देश्यले यस अध्ययनका अनुसन्धान प्रश्नका उत्तर पाउन तथा अध्ययनको उद्देश्य पुरा गर्नको लागि उद्देश्यमुलक नमुना छनोट विधिको प्रयोग गरी प्र. अ. र शिक्षकशिक्षकको छनोट गरिएको छ ।

**(ग) विद्यार्थीको छनोट**

अध्ययनका लागि छनोटमा परेको विद्यालयका प्रारम्भिक वालविकास तहका सम्पूर्ण विद्यार्थीलाई लक्षित समुह छलफल गराउने उद्देश्यले छनोट गरिएको छ ।

### ३.३ सुचना संकलनका साधनहरु

कुनैपनि अध्ययनलाई उद्देश्यमुखी वनाई प्रभावकारी ढंगवाट सम्पन्न गर्न आवश्यक पर्ने विश्वसनिय र वैद्य सुचना संकलन गर्न सुचना संकलनका विभिन्न साधनहरुको प्रयोग गरी सुचना संकलन गर्नु पर्छ । यस अध्ययनका उद्देश्य परिपुर्ति गर्न आवश्यक पर्ने सुचनाहरु सरल एवम् व्यवस्थित ढंगवाट संकलन गर्नका लागि निम्न अनुसारका साधनहरु निर्माण एवम् प्रयोग गरिएको छ ।

**(क) कक्षा अवलोकन**

अध्ययनको विषयलाई बिना नियन्त्रण तथा बिना सञ्चालन प्राकृतिक अवस्थामा हेर्ने वा सूचना संकलन गर्ने विधि नै अवलोकन हो । अवलोकन प्रत्यक्ष र अप्रत्यक्ष गरी २ तरिकाबाट गर्न सकिन्छ । प्रत्यक्ष अवलोकन अन्तरर्गत सहभागितामूलक तथा असहभागितामूलक २ तरिकाबाट अवलोकन गर्न सकिन्छ । अवलोकनकर्ता अवलोकित विषयमा पूर्ण रुपमा प्रत्यक्ष सहभागि भई वा उक्त विषयको एक सदस्यको रुपमा रही उक्त समुहका सम्पूर्ण व्यवहारिक ढाँचा बारे सूचना संकलन गर्ने कार्य नै प्रत्यक्ष

सहभागितामूलक अवलोकन हो । कक्षाकोठाको क्रियाकलाप हेरेर आवश्यक सूचना संकलन गर्ने कार्य नै कक्षा अवलोकन हो । यस अध्ययनमा प्रारम्भिक वालविकास शिक्षाको शैक्षिक र भौतिक अवस्था विद्यमान कस्तो रहेको छ भन्ने कुराको उक्त कक्षामा गई अवलोकन गरिनेछ । जसमा भौतिक अवस्था अन्तरर्गत कक्षाकोठाको व्यवस्थापन, शैक्षिक सामाग्री, पुस्तकालय, भौतिक साधनको उपलव्धता आदि अवलोकन गरिएको छ भने शैक्षिक अवस्था अन्तरर्गत विद्यार्थी भर्ना र कक्षा छोड्ने, शिक्षण विधि, कक्षा क्रियाकलाप, मूल्याङ्कन प्रणाली, विद्यार्थी उपलव्धि आदि जस्ता कुराको अवलोकन गरिएको छ ।

**(ख) विद्यालय सर्वेक्षण फारम**

यस अध्ययन कार्यमा प्रारम्भिक वालविकास तहको दैनिक समय तालिका, वार्षिक क्यालेन्डर, विद्यार्थीको अभिलेख, विद्यालयको भौतिक अवस्था आदिको आधारमा विद्यालय सर्वेक्षण फारम भरि सूचना संकलन गरिएको छ ।

**(ग) असंरचित अन्तरवार्ता**

अन्तरवार्ता उद्देश्यमूलक वार्तालाप हो । सूचना संकलनको यस विधिमा दुइ वा दुइ भन्दा व्यक्तिहरु आमने सामने बसेर निश्चित उद्देश्य र प्रश्नमा केन्द्रित भई दोहोरो वार्तालाप गरी सूचना संकलन गरिन्छ । अन्तरवार्ता संरचित, असंरचित तथा अर्ध संरचित रुपमा सञ्चालन गर्न सकिन्छ । असंरचित अन्तरवार्तामा प्रश्न पूर्ण रुपमा पुर्व निर्धारित हुँदैनन् पहिले सोधेको प्रश्नको उत्तरको दोस्रो प्रश्न निर्माण तथा सोध्ने कार्य गरिन्छ । असंरचित अन्तरवार्ताको लागि नमूना प्रश्न वा अन्तरवार्ता निर्देशिका प्रयोग गर्न सकिन्छ । यस सोध कार्यमा प्रारम्भिक वालविकास तहको वर्तमान शैक्षिक एवं भौतिक अवस्था पहिचान गरी ती अवस्थाको सुधारको उपायको खोजी गर्ने तर्फ केन्द्रित रहेर विद्यालयको शैक्षिक एवं भौतिक अवस्थाको वारेमा प्रश्नावली निर्माण गरेर प्र. अ. र शिक्षणसँग असंरचित अन्तरवार्ता लाई सूचना संकलन गरिएको छ ।

## ३.४ साधनको वैधता

अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा निर्माण गरिएका साधनलाई अन्तिम रुप दिनु अगाडी त्यसको वैधता निर्धारण गर्नु आवश्यक हुन्छ । यस प्रतिवेदनका लागि प्रयोग गरिने साधनहरु, कक्षा अवलोकन फारम, शिक्षक तथा प्र. अ. का लागि निर्माण गरिएका अन्तरवार्ता नमुना प्रश्नलाई साथी समुहमा छलफल र सुधार गरी सोध निर्देशक द्वारा तार्किक विश्लेषण गराई साधनको वैधताको निर्धारण गरिएको छ ।

## ३.५ सूचना संकलन प्रक्रिया

अध्ययनको लागि आवश्यक सूचना कहाँबाट कसरी प्राप्त गर्ने भन्ने निर्धारण गर्नु नै सूचना संकलन प्रक्रिया हो । कुनै पनि अध्ययन अनुसन्धानमा सूचनाको संकलन गर्न विभिन्न स्रोतका आधारमा

सूचना संकलन गर्न सकिन्छ । यस अध्ययनको लागि तथ्याङ्कको स्रोतका आधारमा प्राथमिक र सहायक स्रोतबाट सूचना संकलन गरिएको छ ।

### ३.५.१ प्राथमिक तथ्याङ्क

अध्ययनलाई स्वयम अध्ययन क्षेत्रमा गएर प्राकृतिक अवस्था बाट नै सूचना संकलन गर्ने प्रक्रियालाई प्राथमिक तथ्याङ्क संकलन प्रक्रिया भनिन्छ र त्यस प्रक्रियाबाट प्राप्त तथ्याङ्कलाई प्राथमिक तथ्याङ्क भनिन्छ । यस अध्ययनको क्रममा शोधकर्ता आफै नमूना विद्यालयमा गएर प्र.अ. र प्रारम्भिक वालविकासका शिक्षकशिक्षिका सँग असंरचित अन्तरवार्ता लिने र प्रत्यक्ष सहभागितामूलक कक्षा अवलोकन गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.२ सहायक तथ्याङ्क

अध्ययनकर्ताले आफ्नो अध्ययनको क्रममा सूचना संकलन गर्न आफै सहभागि नभई पहिले नै कसैले संकलन गरेका सूचना वा दस्तावेजको आधारमा संकलित सूचनालाई सहायक तथ्याङ्क भनिन्छ । यस अध्ययनको आवश्यक सूचना संकलन गर्न सम्बन्धित विद्यालयको प्रारम्भिक वालविकास तहको रेकर्डलाई अध्ययन गरी सहायक तथ्याङ्कको रुपमा सूचना संकलन गरिएको छ ।

## ३.६ सूचनाको विष्लेषण प्रक्रिया

यस अध्ययनको क्रममा अनुसन्धानकर्ताले आफुले असंरचित अन्तरवार्ता, प्रश्नावली आदि विधिको प्रयोग गरी प्राप्त भएको सुचना वा तथ्याङ्कलाई व्याख्यात्मक विधिको प्रयोग गरी विष्लेषण र व्याख्या गरिएको छ ।

# परिच्छेद चार

## सुचनाको विष्लेषण र व्याख्या

कुनै पनि अध्ययन अनुसन्धान कार्य गर्नको लागि सुचना वा तथ्याङ्क संकलन गरिसकेपछि ती सुचना वा तथ्याङ्कलाई उपयुक्त ढङ्गवाट विष्लेषण र व्याख्या गर्नुपर्ने हुन्छ । यस अध्ययनमा प्रारम्भिक वालविकास तहमा शैक्षिक र भौतिक अवस्था के कस्तो छ पहिचान गर्ने, सुधारका उपायहरु पत्ता लगाउने साथै शैक्षिक र भौतिक अवस्थाको मूल्याङ्कन गर्ने उद्देश्य रहेको छ । यी उद्देश्यहरुलाई पुरा गर्नको लागि काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका अन्तरर्गत कालिमाटीमा रहेको प्रारम्भिक वालविकास तहमा सिमित गरी यस अध्ययनको सुचना तथा तथ्याङ्क संकलन गरिएको छ । सुचना संकलन गर्नका लागि विभिन्न साधनहरुको प्रयोग गरी सुचना संकलन गरिएको छ । सुचना संकलन गर्ने क्रममा प्रधानाध्यापकको अन्तरवार्ता, शिक्षकशिक्षिकाको अन्तरवार्ता, प्रारम्भिक वालविकास तहको कक्षा अवलोकन, विद्यालय सर्वेक्षण फारम आदि भराई सुचना तथा तथ्याङ्क संकलन गरी विष्लेषण र व्याख्या गरिएको छ । स्थलगत अध्ययनवाट प्राप्त भएका प्राथमिक सुचना तथा तथ्याङ्कलाई व्याख्यात्मक विधिको आधारमा विष्लेषण र व्याख्या गरिएको छ ।

### ४.१ भौतिक अवस्था

विद्यालयको भौतिक पक्ष भन्न साथ विद्यालयको भवन, कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानीको व्यवस्था, खेल सामाग्री, खेलमैदान आदिलाई वुझिन्छ । भौतिक सामाग्रीको पर्याप्त उपलव्धता भएमा शिक्षण सिकाई क्रियाकलाप पनि राम्रो हुने गर्दछ । प्रारम्भिक वालविकास तहको चौतर्फी विकास गर्नको लागि भौतिक सामाग्री प्रर्याप्त भएमा वालवालिकाहरुको विकासमा पनि सहयोग पुग्न सक्दछ । वालवालिकाहरुको शारिरिक, मानसिक, संवेगात्मक, सामाजिक एवम् वौद्धिक विकासमा विद्यालयको भौतिक सामाग्रीको व्यवस्थापनले पनि ठुलो प्रभाव पारिरहेको हुन्छ । भौतिक सामाग्रीको राम्रो व्यवस्थापन हुन नसकेमा कक्षाकोठा अस्तव्यस्त हुनगई शिक्षण सिकाई क्रियाकलाप राम्रो नहुन पनि सक्दछ । विद्यालयमा भौतिक सामाग्रीको पर्याप्त भएमा शिक्षकशिक्षिकालाई पनि विद्यार्थीलाई सिकाउन जाँगर चलेर आउदछ भने पर्याप्त भौतिक सामाग्रीको अभावमा विद्यालयमा विद्यार्थीको उपस्थिति पनि कमी हुन सक्दछ । विद्यालयमा भौतिक सामाग्री जस्तै खेलकुदका सामाग्री, कक्षाकोठाको राम्रो व्यवस्थापन, शौचालय, खानेपानी आदिको राम्रो व्यवस्था भएमा विद्यालयमा विद्यार्थीहरु सहजै आउने गर्दछन् तर यस्ता सामाग्रीको अभाव भएमा विद्यालयमा विद्यार्थीहरु आउन नरुचाउने पनि हुन सक्दछन् । त्यसैले विद्यालयमा भौतिक सामाग्रीको अपर्याप्तताले पनि शिक्षण सिकाईमा प्रभाव पारिरहेको हुन्छ । कक्षाकोठामा भौतिक सामाग्रीको व्यवस्थापन राम्रो सँग गर्न नसकेमा प्रारम्भिक शिक्षाका वालवालिकाको सिकाई अर्थपुर्ण र सशक्त हुन सक्दैन । शिक्षण सिकाई क्रियाकलाप व्यवस्थित र सशक्त वनाउन भौतिक सामाग्रीको उपलव्धता राम्रो हुनु पर्दछ ।

भौतिक सामाग्री पनि दुई प्रकारका हुने गर्दछन् । जसमा सार्न मिल्ने वा हिडाउन मिल्ने र सार्न नमिल्ने वा हिडाउन नमिल्ने भौतिक सामाग्रीहरु । यस अध्ययन क्षेत्रमा रहेका विद्यालयमा सार्न मिल्ने र

सार्न नमिल्ने भौतिक सामाग्रीहरु निम्न अनुसार छन् ।

| सार्न मिल्ने भौतिक सामाग्री | सार्न नमिल्ने भौतिक सामाग्री |
|---|---|
| सेतोपाटी | विद्यालय भवन |
| दराज | शौचालय |
| कुर्सी | खानेपानीको धारा |
| टेलिभिजन | झ्याल |
| क्यासेट प्लेयर | ढोका |
| डेक्सटेवल | पिङ्ग |
| चकटी | चिप्लेटी |
| कार्पेट | विद्यालय चौर |

प्रारम्भिक वालविकास केन्द्रको राष्ट्रिय न्युनतम् मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ ले प्रारम्भिक वालविकास तहको भौतिक पुर्वाधार अन्तरर्गत निम्न व्यवस्था गरेको छ ।

**४.१.२ विद्यालय र घरविचको दुरी**

प्रारम्भिक वालविकास केन्द्रको राष्ट्रिय न्युनतम् मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ ले प्रारम्भिक  वलविकास केन्द्र र प्रारम्भिक वालविकास केन्द्रमा अध्ययनरत वालवालिकाहरुको घरवाटको दुरी १० देखि १५ मिनेटको पहुँचमा हुनु पर्नेछ भनिएकोमा यस अध्ययन क्षेत्र काठमाण्डौको कालिमाटी भएकाले वालवालिकाहरु प्राय त्यही वरिपरीका हुने भएकाले यस मापदण्ड अनुसार विद्यार्थीहरु घरवाट १० देखि १५ मिनेटको पहुचमा नै रहेको पाईयो ।

**४.१.३ कक्षाकोठा भित्रको अवस्था**

वालविकास केन्द्रको न्युनतम् मापदण्ड अनुसार कक्षाकोठाको लम्वाई १८ फीट, चौडाई १६ फीट र उचाई ८ फीट, उज्यालो, प्रकाश आउने, हावा आवतजावत हुनसक्ने, कम्तिमा ४ वटा झ्याल हुनुपर्ने तथा ताला लगाउन मिल्ने खालको एक वटा ढोका हुनुपर्नेमा यस अध्ययन क्षेत्रको विद्यालयमा आवश्यक न्युनतम् मापदण्ड अनुसार नै रहेको पाईयो । साथै कक्षाकोठामा हावा आवतजावत गर्ने भएतापनि जाडो महिनामा वेलुका मात्र घाम आउँने रहेको पाईयो । जसको कारण काठमाण्डौको ठाउँमा उचित ठाँउमा जमिनको अभाव रहेको देखिन्छ । त्यसैगरी न्युनतम् मापदण्ड अनुसार कक्षाकोठाको क्षेत्रफल उपस्थित वालवालिकाको लागि स्वतन्त्र रुपले वस्न, चल्न, खेल्न तथा सुत्न पुग्ने हुनुपर्नेमा सो भएको पाईयो । तर विद्यालयको आफ्नै खेलमैदान नभएको कारण वालवालिकालाई कक्षाकोठा वाहिर स्वतन्त्र रुपले वाहिर खेल्न दिदा दुर्रघटना हुन सक्ने कारणले जान नदिने गरेको पाईयो । साथै विद्यालयको जमिन एकदमै कमि भएका कारणले विद्यालय अगाडी रहेको सार्वजनिक खाली ठाँउ चौरमा खेलमैदान वनाएको पाईयो ।

वालवालिकाका लागि चाहिने खेल सामाग्रीहरु पीङ्, चिप्लेटी, चाकाचुली आदि भएको तर हाल भवन निर्माण गरिदै भएकाले यस्ता खेलका सामाग्रीहरु केही समयका लागि हटाईएको पाईयो । हाल कक्षाकोठा भित्र नै खेलका सामाग्रीहरु स-साना वलहरु, विभिन्न खेलौनाहरु कार, घोडा, हात्ती, गुडीया, मोटरसाईकल आदिको व्यवस्था भएको पाईयो । जसवाट के कुरा वुझ्न सकिन्छ भने स्थानिय स्तरमा वा हस्त निर्मित खेलौनालाई प्राथमिकता नदिएको वुझ्न सकिन्छ । यसरी खेलौना दिई वालवालिकाहरु लाई विभिन्न खेलहरु खेलाएर उनीहरुको मनलाई घरपरिवारवाट भुलाई साथीसाथीमा खेलाई सामाजिकरण हुन अर्थात खेलौनाहरु एकआपसमा आलोपालो गरी खेल्न, अरुले खेलेको हेर्न, एक आपसमा खेलको माध्यमवाट प्रतिस्पर्धा गराउन खोजेको देखिन्छ ।

वालवालिकालाई मनोरञ्जनका लागि क्यासेट प्लेयरवाट विभिन्न वाल गीत सुनाएर तथा उनिहरुलाई नचाएर रमाईलोको साथ शिक्षण गरेको पाईयो । जसले गर्दा वालवालिकाहरुले चाडो भन्दा चाडो सिक्ने, गीत तथा रेडियो सुन्ने वानीको विकास हुने गर्दछ साथसाथै वालवालिकाले नाच्ने र आफ्नो हाउभाउ समेत देखाउने हुनाले उनीहरुमा अगाडी गएर नाच्ने, वोल्ने अर्थात नलजाउने क्षमतको विकाश हुने गरेको देखिन्छ । त्यसैगरी विद्यार्थीहरुलाई टेलिभिजन मार्फत काटुन फिल्महरु देखाएर मनोरञ्जन गराई शिक्षण गरेको पाईयो । विद्यालयमा विभिन्न कार्टुन फिल्मका सि. डी. को व्यवस्था गरी वालवालिकाका लागि काटुन फिल्म देखाउने गरेको पाईयो । ति फिल्महरु प्रायः गरी ज्ञानवर्द्धक फिल्म तथा टेलिफिल्महरु देखाईएको पाईयो । जस्तै सरसफाई सम्वन्धि, नराम्रो कामको परिणामहरु सम्वन्धि टेलिफिल्महरु, टम एण्ड जेरी, मिठ्ठु, रामायण, महाभारत आदि जस्ता विभिन्न ज्ञानवर्द्धक फिल्महरु देखाईएको पाईयो । यसवाट के वुझिन्छ भने सामाजिक, धार्मिक तथा सांस्कृतिक रुपवाट विभिन्न कुराहरु सिकाउन खोजेको देखिन्छ । यसवाट के वुभ्न सकिन्छ भने नेपालमा धेरै हिन्दु धर्म मान्ने मानिस भएकाले पनि होला हिन्दु धर्मको वढि प्रभाव परेको देखिन्छ तर अहिले वहुभाषिक तरिकाले शिक्षा दिने चलन आएको तर त्यस्तो व्यक्ति वा साधन स्रोतको अभाव भएको देखिन्छ । प्रारम्भिक वालविकास केन्द्रको न्युनतम् मापदण्ड अनुसार विद्यालयको हाताभित्र वालविकास केन्द्र सञ्चालन गर्नुपर्ने भएमा विद्यालय भन्दा केही परको स्थान उपलव्ध गराउनु पर्ने हुन्छ तर अध्ययन क्षेत्रमा रहेको विद्यालय स्थानको अभावले गर्दा विद्यालयका अन्य कोठाको छेउमा दुईवटा कोठालाई एउटै वनाई भुईतलाको कोठामा शिक्षणसिकाई गर्ने गरेको पाईयो ।

यस अध्ययन क्षेत्रमा परेको विद्यालयमा प्रारम्भिक वालविकास केन्द्रले तोकेको मापदण्ड अनुसार खेलखेल्ने मैदान नभएको तर वालवालिकाको लागि सुहाउदो शौचालय, खानेपानी तथा कक्षाकोठाको अवस्था अर्थात स-साना वालवालिकाका लागि दिशा, पिसाव गर्न सजिलो हुने खालको पानी सहितको र भुई मा मार्वल विच्छ्याईएको शौचालय विद्यालय भवनको सवै भन्दा उत्तर पट्टि विद्यालय भवन सगै जोडिएर रहेके पाईयो । यसको वाहिर पट्टि पाँच मिटर अगाडी विद्यालय हाता भित्र खानेपानीका धाराहरु स-साना वालवालिकाहरुले सजिलै भेट्न सक्ने ठाँउमा हात धुने सावुन पानी तथा शुद्ध खानेपानीको व्यवस्था गरेको पाईयो । मैले हेर्दा शौचालय प्रयोग गरेपछि अधिकास वालवालिकाहरुले सावुन प्रयोग गरी

हात धोएको देखियो । जसवाट वालवालिकाहरुले शौचालय गएर आएपछि हात सावुन पानीले धुनु पर्छ भन्ने वानीको विकास गराएको देखिन्छ । जसले गर्दा उनीहरु स्वास्थ्य तथा सरसफाई गर्ने वानीको विकास हुने गर्दछ । वालवालिकाहरु पानी धेरै चलाउन मन पराउने हुनाले खानेपानीको धारा धेरै चलाउन सक्ने सम्भावना भएकाले खानेपानीको धारा थिचुन्जेल मात्र आउने खालको धाराको व्यवस्था गरिएको पाईयो । जसले गर्दा वालवालिकाहरुले धारा खोलेर पानी खोलेर पानी खेर फाल्ने सम्भावना हुदैन । जुन तल चित्रमा देखाईएको छ । अध्ययन क्षेत्र सरकारी विद्यालय भएकोले त्यहाँ खानेपानी लगायत विद्यालयका विभिन्न भौतिक सामाग्री विभिन्न संघसंस्थाहरुवाट सहयोग स्वरुप प्राप्त भएको पाईयो । साथसाथै अति आवश्यक सामाग्रीहरु विद्यालय आफैंले पनि खरिद गरेको पाईयो । आदर्श मापदण्ड अनुसार प्रति वालवालिकाको लागि दुई वर्ग मिटर क्षेत्रफल भएको कोठा चाहिने भएता पनि त्यस अनुरुपको कक्षाकोठा नभएपनि चल्न घुम्न, नाच्न, उफ्रन सजिलै अटाउने र साना वालवालिकाहरु भएकाले कक्षाकोठा साघुरो नभएको महसुस गरियो र त्यहाँ पढ्न आएका वालवालिकाहरुका लागि उपयुक्त नै देखिएको छ ।



विद्यार्थीहरु धारामा पानी पिउदै

### ४.१.४ विद्यालयको भौतिक संरचना

विद्यालयको भौतिक संरचनामा विशेष गरी भवन तथा फर्निचरहरु पर्दछन् । यस अध्ययनमा परेको विद्यालय श्री नील वराही उच्च मा. वि. मा जम्मा ६ वटा भवनहरु रहेका मा तीन वटा कच्ची र तीन वटा पक्की भवनहरु रहेका रहेछन् । विद्यालयमा जम्मा १६ वटा कक्षाकोठा रहेका छन् । एउटा चार

तले पक्की भवनको भुई तलामा दुईवटा कोठालाई एउटै ठुलो कोठा वनाई प्रारम्भिक वालविकास तहको कक्षा सञ्चालन गरिएको थियो । जुन कोठामा चारवटा ठुल्ठुला झ्याल र दुईवटा ढोकाको व्यवस्था गरिएको पाईयो । विद्यार्थीका लागि पर्याप्त स साना टेवल आकारका डेक्स र भुईमा निलो कारपेट माथि चकटी राखी लेख्न पढ्नका लागि व्यवस्था मिलाईएको छ । प्रारम्भिक वालविकास तहका लागि निम्न अनुसारका भौतिक सामाग्रीको सुविधा व्यवस्था गरिएको पाईयो ।

विद्यालय भवन





| क्रम संख्या | भौतिक सामाग्री | पर्याप्त छन् | पर्याप्त छैनन् | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालयको आफ्नै भवन | ✓ | | |
| २ | कक्षाकोठाको स्थानको पर्याप्तता | ✓ | | |
| ३ | विद्यालयको कम्पाउन्ड घेरावारा | ✓ | | |
| ४ | डेक्स टेवल | ✓ | | |
| ५ | कार्पेट | ✓ | | |
| ६ | चकटी | ✓ | | |
| ७ | सेतोपाटी | ✓ | | |
| ८ | ढोका | ✓ | | |
| ९ | झ्याल | ✓ | | |
| १० | कुचो | ✓ | | |
| ११ | डस्विन | | ✓ | |
| १२ | वल | | ✓ | |
| १३ | खेलौनाहरु | | ✓ | |
| १४ | क्यासेट | ✓ | | |
| १५ | टी. भी. | ✓ | | |
| १६ | दराज | | ✓ | |
| १७ | कुर्सी | | ✓ | |
| १८ | खानेपानी | ✓ | | |
| १९ | प्राथमिक उपचार | ✓ | | |
| २० | पीङ | | ✓ | हाल नभएको |
| २१ | चिप्लेटी | | ✓ | हाल नभएको |

भवन निर्माण भईरेको भएकाले पीङ र चिप्लेटी झिकेर राखिएको

### ४.२ सहजकर्ताको व्यवस्थापन

प्रारम्भिक वालविकास तहमा अध्यापन गराउनका लागि दुई जना शिक्षिकाहरुको छनोट गरिएको र जसमध्ये एकजना खुल्ला प्रतिस्पर्धा र एकजना पहिले देखि काम गरी आएकाले नियुक्ती गरिएको वताउनु भयो सहजकर्ताहरुलाई नेपाल सरकारले दिएको तलव भत्तामा विद्यालयको आन्तरिक कोषवाट केही रकम थपी सहजकर्तालाई दिने गरेको वताउनु भयो । जसले गर्दा सहजकर्तालाई पढाउन हौसला पुग्ने कुरा वताउनु भयो । शिक्षिकाहरु छनोट गर्दा वालवालिकाहरुको राम्रो हेरचाह गर्न सक्ने खालका,

सिकाउन सक्ने क्षमता राम्रो भएका र वालवालिकाका आमा सो सरह हुने खालका शिक्षिकाको छनोट गरेको वताउनु भयो । यसरी छनोट गरिएका शिक्षिकालाई प्रारम्भिक वालविकासमा सहयोग पुग्ने खालका तालिमहरु उपलब्ध वेलावेलामा गराएको र त्यही अनुरुप नै शिक्षण सिकाई क्रियाकलाप गराईएको वताउनु भयो । त्यसैगरी प्रारम्भिक वालविकास तहको सम्वन्धमा वेलावेलामा स्रोत व्यक्ति तथा अभिभावकहरु सँग पनि के गर्दा राम्रो हुन्छ भन्ने कुरामा छलफल गर्ने गरेको वताउनु भयो । त्यसैगरी प्रधानाध्यापक नै कहिलेकाही प्रारम्भिक वालविकास तहको कक्षामा गएर के कस्तो तरिकाले पढाई भईरहेको छ भनि अवलोकन गर्ने गरेको वताउनु भयो । यस विद्यालयको प्रारम्भिक वालविकास तहमा भर्ना हुनको लागि कम्तिमा ३ वर्ष पुरा गरेको हुनुपर्नेछ भनि निर्धारण गरेको वताउनु भयो ।

### ४.२.१ प्रारम्भिक वालविकास तहका सहजकर्ताहरुको अवस्था

यस अध्ययन क्षेत्र श्री नील वराही उच्च मा. वि. कालिमाटी मा प्रारम्भिक वालविकास तहमा अध्यापन गराउने सहजकर्ताहरु जम्मा दुई जना रहनु भएको पाईयो । जसमा गिता भट्टराई र सुलोचना कडेल रहनु भएको पाईयो । उहाँहरु मध्ये गिता भट्टराईले एस.एल. सी. सम्मको अध्ययन गर्नु भएको र अर्को जना सुलोचना कडेलले प्रविणता पत्र तह पास गर्नु भएको पाईयो । उहाँहरु एक जना खुला प्रतिस्पर्धा वाट र एक जना पहिले देखि विद्यालयमा सहयोग शिक्षण गर्नु भएकाले सिधै सर्वसम्मति वाट नियुक्ति गरिएको पाईयो । उहाँहरुले प्रारम्भिक वालविकास सम्वन्धि १५ दिने तालिम लिनुभएको पाईयो । उहाँहरु दुवैजना विवाहित रहनु भएको र प्रारम्भिक उमेरका वालवालिकाको लागि आमा र शिक्षिकाको जस्तो दुवै भुमिका निर्वाह गरी अध्ययन अध्यापन गराउने गरेको पाईयो ।

### ४.३ कक्षा व्यवहार

प्रारम्भिक वालविकास शिक्षाको शैक्षिक र भौतिक अवस्थाको अध्ययन गर्न श्री नील वराही उच्च मा.वि. कालिमाटीलाई छनोट गरी उक्त विद्यालयमा रहेको शिशु कक्षा वा प्रारम्भिक वालविकास तहको कक्षामा गई कक्षा अवलोकन गरिएको थियो । जसमा कक्षा सञ्चालन सुरुमा, विचमा र अन्त्यमा गरी पटक पटक गरी अवलोकन गरिएको थियो ।

विद्यालय समय सरु भएपछि प्रारम्भिक वालविकास तहको कक्षामा १० वजे तिर शिक्षिकाहरु सँगसँगै आफु पनि प्रवेश गरी कक्षाको अन्त्यमा गई वसी कक्षा अवलोकन गरिएको थियो । सर्वप्रथम शिक्षिकाहरुले छरपष्ट रहेका वालवालिकाहरुलाई चकटीमा लाईन लाईनमा वस्न लगाई मिलाएर राखियो जुन कुरा तल तस्विरमा राखिएको छ । जसवाट के वुझ्न सकिन्छ भने वालवालिकाहरुलाई लाईनमा अनुसासित भई नियम पालना गरी एक आपसमा मिलेर वस्नु पर्छ भन्ने भावनाको विकास गराएको देखिन्छ ।



कक्षाकोठामा वालवालिकाहरुलाई मिलाएर राखी पढाईरहेको

यसरी वालवालिकाहरुलाई चकटीमा मिलाएर राखी सकेपछि सवै वालवालिकाहरुलाई उठाई राष्ट्रिय गान सयौं थुङ्गा फुलका हामी एउटै माला नेपाली गाउन लगाईएको थियो । यसवाट के कुरा स्पष्ट हुन्छ भने वालवालिकालाई राष्ट्रिय भावना प्रति सजक गराउने तथा विहानको दैनिक क्रियाकलापहरु नियमित गराउने वानीको विकास गराउन खोजेको देखिन्छ । यस वेलामा वालवालिकाहरु रमाएर राष्ट्रिय गान गाईरहेका थिए र कोही वालवालिकाहरु भर्खर-भर्खर मात्र भर्ना भएकाले कक्षाकोठामा वस्न नमानिरहेको देखियो । कोही वालवालिकालाई निदाईरहेका थिए तिनिहरुलाई कक्षाका पछाडी चकटीमा सुताईरहेको थियो जुन तल चित्रमा छ ।



वालवालिकाहरु सुतिरहेको

वालवालिकाहरु पश्चिमी संस्कृतिको कारणले गर्दा पनि होला आमा आमा नभनि ममी ममी भनि रोइरहेका थिए । जसलाई सहजकर्ताहरुले फकाउनको लागि चकलेट दिइरहेका थिए । यसैवेला सगै वस्नु भएकी सहजकर्तासँग वालवालिकालाइ फकाउन चकलेट नै किन दिईयो ? रोईरहेको वच्चालाई फकाउन अरु केही वस्तु दिदा हुदैनथ्यो भनि प्रश्न राख्दा सहजकर्ताको उत्तर यस्तो रह्यो वालवालिकाहरुलाई प्रायः गुलियो नै वढि मन पराउँने र पहिले देखि पनि यस्तै गरी फकाउदै आएको र उनीहरुलाई चकलेट दिदा छिटो खुसी हुने वा रुन छोड्ने गरेको वताउनु भयो । उनीहरुलाई चकलेटको साटो अरु खानेकुरा दिदा आर्थिक रुपले महङ्गो पर्ने हुन्छ । चकलेट भन्दा सस्तो अरु विकल्प पनि नभएकाले चकलेट नै दिईएको पाईयो । विहानको समयमा आउनको लागि प्रोत्सान गर्नको लागि विद्यालयको तर्फवाट चकलेटको व्यवस्था गरिएको थियो ।

कक्षाकोठा अवलोकनमा कक्षाकोठामा हाजिरी गर्ने व्यवस्था रहेको पाईयो । कक्षाहरु भर्खर भर्खर मात्र संचालन हुन थालेकाले भएका र भर्ना नभएका छुट्टाछुट्टै हाजिरी गरेको पाइयो । आफुसगै वस्नु भएको सहजकर्तासग किन यसो गरेको भन्ने प्रश्नमा सहजकर्ताले यस्तो प्रकारको उत्तर दिनु भएको थियो :- वालवालिकाहरु कतिपय दुईचार दिन आएर छोड्ने अर्थात निजी विद्यालयमा जाने हुन्छन् त्यसकारण भर्ना भएका भर्ना नभएका वालवालिकाहरुको छुट्टाछुट्टै हाजिर गरेको वताउनु भयो । र भर्ना नभएका वालवालिकाहरुलाई उनीहरुका अभिभावकलाई वालवालिकाहरुको भर्ना गर्न अनुरोध गर्ने गरेको वताउनु भयो । यसवाट के वुझ्न सकिन्छ भने अभिभावकहरुलाई विद्यालय प्रति त्यति विश्वास नभएको र शिक्षकहरुलाई पनि वालवालिकाहरु यसै विद्यालयमा पढ्छन् भन्ने विश्वास नभएको देखियो ।

यस विद्यालयमा अधिकांक्ष विद्यार्थीहरु कालिमाटी तथा तरकारी वजारका स-साना व्यापारीका छोराछोरीहरु छन् । उनीहरु मातृभाषा नेपाली हिन्दी, मैथिली आदि मात्रै पनि वुझ्ने गरेकाले शिक्षिकाले पनि त्यस्तो मात्र भाषा वुझ्ने वालवालिकालाई जानिनजानि भए पनि त्यही अनुसारको भाषा वोली उनीहरुलाई फकाउने तथा सिकाउने गरेको पाईयो । यसवाट के कुरा वुझ्न सकिन्छ भने प्रारम्भिक वालविकास उमेरका वालवालिकाहरुलाई शिक्षण गराउन वहुभाषिक ज्ञान भएका सहजकर्ताको आवश्यकता पर्ने गर्दछ र सहजकर्ताको छनोट गर्दा त्यहाँ अधिकांश वालवालिकाहरुले वोल्ने भाषा जान्ने सहजकर्तार्का छनोट गर्नु पर्ने आवश्यकता देखिन्छ । साना उमेरका वालवालिकाहरु भएकाले उनीहरु एकआपसमा कसैले चिमोटेको, कसैले जिस्काएको, कसैले आफ्ना सामान चलाएको , कसैले कुटेको आदि विषयमा पोल लगाउने गरेका र जसलाई शिक्षिकाले मिलाउने गरेको देखियो ।

कक्षाकोकोठामा विद्यार्थीहरुलाई अभिभावकले ल्याईदिने गरेको र यो क्रम ११ वजेसम्म रहेको देखियो । यसवाट के देख्न सकिन्छ भने विद्यालय ल्याउने समय निश्चत नभए जस्तो देखिन्छ । यस विषयमा सगै रहनु भएको सहजकर्ता सँग प्रश्न गर्दा वालवालिकालाई विद्यालय ल्याउने समय निश्चित गराएको भएता पनि अभिभावकहरुको व्यस्तताले गर्दा कहिले अघि तथा कहिले पछि ल्याउने गर्नु भएको र यस्तो अवस्थालाई रोक्न खोज्दा पनि नसकिएको वताउनु भयो । कक्षाकोठामा वालवालिका ल्याएर छोडिदिदा भरे लिन आउने समय सोधेको र लिन आउने समय ३ वजे कायम गरेको पाइयो । कक्षाकोठा

ठुलो भएकाले आधा कक्षामा विद्यार्थीहरु रहेका र पछिल्लो पट्टि उनीहरुले ल्याएका झोलाहरु मिलाएर राखेको पाईयो । यसवाट वालवालिकाहरुले आफ्ना सरसामानहरु सुरक्षित र व्यवस्थित ढंगले राख्नुपर्ने कुरालाई सिकाईएको देखिन्छ । साथै पछाडी पटी चकटीमा निदाएका वालवालिकाहरु सुताएको देखियो ।

## ४.४ शिक्षण सिकाई पद्दती

कक्षाकोठा एकदमै सफा रहेको जसमा हरियो रंगको कार्पेट मिलाएर विछ्याएको वरिपरी चारवटा झ्याल र दुईवटा ढोका रहेको पाईयो । कक्षाकोठा भर्खरै रंग लगाएकोले गर्दा उज्यालो र चम्किलो रहेको र भित्तामा Aa, Bb, Cc लेखिईसकेको र १, २, ३, तथा अ, आ, इ, ई जस्ता वालवालिकाको सिकाईमा प्रयोग हुने कुराहरु लेखाईको क्रममा रेहेका थिए । वर्तमान सन्दर्भमा कक्षाकोठाका भित्तामा यसरी सधैभरि रहिरहने कुराहरु वा साट्न नमिल्ने सिकाईका कुराहरु राख्न त्यति राम्रो नमानिएकोले मैले यसरी निश्चित कुराहरु मात्र सिकाई हुने हुन्छ भनि सहजकर्तालाई प्रश्न गर्दा उहाँले भन्नु भयो प्रारम्भिक वालविकास तहमा यहाँ वरिपरी लेखिएका कुराहरु जानिसक्दानसक्दै उनिहरु माथिल्लो कक्षामा गईजाने हुनाले यहाँ वरिपरी भएका कुराहरु र हामी आफैंले केही चित्रहरु अगाडी देखाएर पढाउने गरेको कुराहरु वताउनु भयो । कक्षाका भित्ताहरुमा अङ्ग्रेजी, गणित तथा नेपालीका अति आवश्यक प्रारम्भिक सिकाईका कुराहरु रहेका र प्रत्येक वर्ष नयाँ नयाँ वालवालिकाहरु आउने र यहाँ भएका कुराहरु सिक्नु पर्ने हुन्छ र यी कुराहरु सिकिसक्दा उनिहरु माथिल्लो कक्षामा गईजाने भएकाले र कक्षाकोठा पनि आकर्षक देखिने र वालवालिकाहरुले भित्तामा जति खेरै पनि पढ्न सक्ने भएकाले र नयाँ नयाँ कुराहरु आएमा आफैंले पोष्टर वा चित्रहरु ल्याएर देखाउने गरेको वताउनु भयो । भित्तामा वालवालिकाका लागि उचित किसिमका भित्तेचित्र जस्तै फलफुलका नाम सहितका चित्र, जनवारका नाम सहित चित्र आदि झुन्डाएर राखिएको पाईयो ।

वालवालिकाहरुलाई विद्यालय तथा विभिन्न संघसंस्थाहरुवाट प्राप्त विभिन्न खेलौनाहरु खेल्न दिईएको पाईयो । वालवालिकालाई मनोरञ्जन गराउनका लागि क्यासेट प्लेयर, टेलिभिजनको व्यवस्था गरीएको देखियो । जसमा क्यासेट प्लेयरवाट विभिन्न रमाईला गीतहरु वजाएर गाउन, नाच्न लगाएर तथा टेलिभिजनवाट विभिन्न ज्ञानवर्द्धक फिल्महरु सि.डी.को माध्यमवाट देखाएर वालवालिकाहरुलाई सिकाईएको पाईयो । जसवाट के वुझ्न सकिन्छ भने विद्यालयले वालवालिकालाई सिकाउन आधुनिक किसिमका शैक्षिक सामाग्रीहरु प्रयोग गरी रमाईलोका साथ सिकाएको देखिन्छ । जसवाट वालवालिकाहरुले चाडो सिक्ने आशा राख्न सकिन्छ ।

वालवालिकाको सरसफाईमा पनि ध्यान दिईएको पाईयो । वालवालिकाका हातखुट्टाका नङ्ग तथा अन्य सरसफाई सम्वन्धि कुरा हेरी सरसफाई हुनुपर्छ भन्ने कुराको जानकारी दिदै कक्षाकोठामा शिक्षिकाले चेतनामुलक तथा स्वास्थ्य सम्वन्धि चेतना जगाउने खालका गीतहरु गाई विद्यार्थीलाई त्यही अनुसार गाउन तथा शिक्षिकाहरुले अभिनय गरी उनिहरुलाई पनि अभिनय गर्न लगाईएको पाईयो । जस्तै Brush your teeth भन्दा हातले दातमा व्रस गरेको अभिनय गरी विद्यार्थीहरुलाई पनि त्यही अनुसार अनुकरण गर्न लगाईएको पाईयो । साथै वालवालिकाहरुले व्रस गरे नगरेको पनि हेरेको पाईयो । यसवाट

वालवालिकाहरुलाई नेपाली भन्दा अङ्ग्रेजी सिकाउन वढि जोड दिईएको देखिन्छ । यसवाट अङ्ग्रेजी प्रति मानिसहरुको लगाव वढ्दै गएको देख्न सकिन्छ । शिक्षिकाले सिकाई सकेपछि वालवालिकालाई तिमीहरु मध्ये को वाल गीत वा अन्य सिकाएका कुरा भन्न सक्दछौ भनि अगाडी ल्याई अभिनय गराउँदै गीत गाउन लगाउने र अरु वालवालिकाहरुलाई त्यस कुराको अनुकरण गर्न लगाउने गरेको पाईयो । यसवाट वालवालिकालाई अगाडी गएर भन्न सक्ने क्षमताको विकास गराएको, वोली तथा अभिनय गर्ने क्षमताको विकास गरिएको पाईयो । कक्षाकोठामा घण्टीको खासै मतलव नभएको र प्रत्येक वालवालिकालाई घरवाट टिफिन हालिदिएको देखियो तर वालवालिकाले विद्यालय आउने वित्तिकै टिफिन झिकेर खाएको पाईयो । यसरी खाँदा शिक्षिकाले टिफिन खाने वेला भएको छैन भनि टिफिन झोलामा राख्न आग्रह गरेको देखियो । पढाईका क्रममा एक घण्टा भएपछि वालवालिका शौचालय पठाएको पाईयो । शौचालय पनि वालवालिका मैत्री नै रहेको पाईयो  अर्थात वालवालिकाहरुले सजिलै सँग दिशापिसाव गर्न सक्ने खालको थियो । वालवालिकाहरु शौचालय गएर आएपछि सावुनपानीले हात धोएको देखियो जसवाट वालवालिकालाई सरसफाई सम्वन्धि सजक गराईएको पाईयो ।  शौचालयवाट फर्केपछि वालवालिकालाई विभिन्न खेलौनाहरु जस्तै कार, हात्ती , घोडा, गुडिया आदि दिई आ आफ्नै सुरमा खेल्न दिइएको पाईयो । शिक्षिकाले उक्त कुराको अनुगमन गरी वालवालिकाहरु एकआपसमा झैझगडा भएमा मिलाउदै खेलाएको पाईयो । वालवालिकाहरुले फोहोर गरेमा छुट्टै एकजना परिचारिका दिदीको व्यवस्था गरिएको पाईयो ।

### ४.५ प्रारम्भिक वालविकास तहको पाठ्यक्रम

प्रारम्भिक वालविकास तहमा शिक्षण गर्दा शिक्षिकाहरुले शैक्षिक उद्देश्य तोकिएर नराखिपनि विद्यार्थीहरुले सिकाई सम्वन्धि सामान्य कुराहरु जस्तै क,ख,ग,घ, १,२,३,४, A,B,C,D, सरसफाई हुनुपर्ने, मिलेर वस्न, गीत गाउन, नाच्न आदि कुराहरुको वारेमा वोध हुने कुरा वताउनु भयो र यी विषयवस्तु पालै पालो गरी घण्टी घण्टीमा पढाउने गरेको पाईयो । प्रारम्भिक वालविकासमा पढाउने पाठ्यपुस्तकहरु विद्यालय तथा तालिम लिदा पाएका पाठ्यपुस्तक वाट शिक्षण सिकाई क्रियाकलाप गरेको वताउनु भयो ।

प्रारम्भिक वालविकास तहमा अध्यापन गराउने पाठ्यपुस्तक कसरी निर्धारण गर्नु भएको छ भन्ने प्रश्नमा विद्यालयवाट सिफारिस भएको पाठ्यपुस्तकहरु नेपाली पढ, लेख र रंग भर, Pre school Mathematic, Creative Drawing and Coloring, Read and Write AA BB CC को आधारमा नै शिक्षण सिकाई क्रियाकलाप गर्ने गरेको वताउनु भयो । जसमा नेपाली पढ, लेख र रंग भरमा क, ख लेख्न र भन्न सिकाएको साथै विभिन्न चित्र जस्तै घर, विरालो आदिमा रंग भर्न सिकाएको पाईयो भने Pre school Mathematic मा विभिन्न चरा, फलफुलका धेरैवटा चित्र देखाई कतिवटा छन् गन्न लगाउने र लेख्न लगाउने जस्ता क्रियाकलाप गराएको पाईयो । त्यसैगरी Creative Drawing and Coloring विभिन्न जनवार तथा फलफुलका आधा चित्र वनाई पुरा गर्न लगाई रंग भर्न लगाएको पाईयो । त्यस्तै Read and Write AA BB CC मा पनि A,B,C,D पढ्न र लेख्न लगाईएको पाईयो । यी पाठ्यपुस्तकहरु वालवालिकाको लागि उचित रहेका र यस्ता विषय पढाउदा केही वालवालिकाले छिट्टै वुझ्ने र केही वालवालिकाले वुझ्दै नवुझ्ने, सवै विद्यार्थीको पाठमा ध्यान आकर्षित गराउन गाह्रो हुने

गरेको वताउनु भएको थियो ।

प्रारम्भिक वालविकास तहका लागि शैक्षिक तथा भौतिक सामाग्रीको व्यवस्थापन सामान्यतया भएता पनि पठनपाठन गराउनका लागि पर्याप्त मात्रामा नभएको वताउनु भयो । यस्ता सामाग्रीहरुको पर्याप्त व्यवस्थापनको लागि विद्यालय व्यवस्थापन समिति तथा सहयोग गर्ने संघसंस्था आउँदा आवश्यक पर्ने शैक्षिक तथा भौतिक सामाग्री उपलव्ध गराउनको लागि पहल गर्ने गरेको वताउनु भयो । प्रारम्भिक वालविकास तहमा पाठ्यपुस्तक लागु गर्दा प्रधानाध्यापक तथा शिक्षकशिक्षिकाहरुको छलफल वाट एक आपसको सहमतीवाट पाठ्यपुस्तक निर्धारण गर्ने गरेको वताउनु भयो । पाठ्यपुस्तक निर्धारण गर्दा पाठ्यपुस्तकमा भएका क्रियाकलापहरु के कस्ता छन् ? ति क्रियाकलाप अनुसारका शैक्षिक सामाग्रीहरु विद्यालयले उपलव्ध गराउन सक्छ सक्दैन ? यदि क्रियाकलाप अनुसार शैक्षिक सामाग्री छैनन् भने विद्यार्थीहरुलाई शिक्षणसिकाई क्रियाकलाप गर्न समस्याहरु देखापर्ने गर्दछन् वा विद्यार्थीहरुलाई वुझाउन वा सिकाउन कठिन हुने कुरा वताउनु भयो ।

**४.६ प्रारम्भिक वालविकास केन्द्रका विविध क्रियाकलापहरु**

वालवालिकाहरुको शारिरिक विकास गराउनका लागि राम्रोसँग हिड्न सिकाउने, हातले शरिरका विभिन्न अंगहरु छुन लगाउने, रंग लगाउन लगाउने, हात अगाडी, पछाडी, तल, माथि पार्न लगाउने आदि जस्ता क्रियाकलाप गराउने गरेको वताउनु भयो । त्यसैगरी वौद्धिक विकास गराउनका लागि रंग छुट्टाउन वा पहिचान गराउन लगाउने, मौसमको वुझाई छ छैन ? जस्तै घाम लागेको, पानी परेको, गर्मी, जाडो आदि त्यस्तैगरी दुरी सम्वन्धि ज्ञान (जस्तै टाढा, नजिक), तुलना गर्ने सम्वन्धि ज्ञान (जस्तै ठुलो, सानो, लामो, छोटो, मोटो,पातलो आदि), क्रमवद्ध मिलाउन, एक दिन अगाडी आफुले गरेका क्रियाकलापहरु सम्झेर वताउन आदि क्रियाकलापहरु गरेको वताउनु भयो ।

त्यसैगरी वालवालिकाको सामाजिक विकास गराउनका लागि आफ्नो नाम भन्न आफ्ना परिवारका सदस्यहरुको नाम र नाता भन्न, घरको ठेगाना, टेलिफोन नम्वर भन्न, आफु अध्ययन गरेको विद्यालयको नाम, ठेगाना भन्न, समुहमा मिलेर वस्न, पालो पर्खने निर्देशन अनुसरण गर्ने, लाईनमा मिलेर वस्ने, खेल खेलिसकेपछि खेल सामाग्रीहरु मिलाएर राख्ने, अभिवादन, धन्यवाद, आदर, संस्कारका शब्दहरु प्रयोग गर्ने आदि कुराहरुको विकास गराउने गरेको वताउनु भयो । संवेगात्मक विकास गराउनका लागि विभिन्न आदर्शमय कथाहरु, घटना, गीत, अभिनय हेरेर र सुनेर रमाईलो र नरमाईलो व्यक्त गर्न, आफुलाई मन परेको र मन नपरेको कुरा व्यक्त गर्न, केन्द्रमा रमाएर वा आनन्दसँग वस्न, क्रियाकलाप खेल खेलौनामा ध्यान केन्द्रित गरेर वस्न, प्रशंसा गर्न र प्रशंसा गरेको वुझ्न, माया गर्ने, आफ्नो संवेग नियन्त्रण गर्ने, एकाग्र भएर सुन्ने, निर्धक्क भएर खेल्न क्रियाकलाप गर्न र कुरा गर्न सक्ने आदि कुराहरुको विकास गराउने गरेको वताउनु भएको थियो ।

त्यसैगरी प्रारम्भिक तहका वालवालिकाहरुको भाषाको विकास गराउनका लागि विभिन्न क्रियाकलापहरु जस्तै कथा भन्न, गीत गाउन, चित्र हेरेर अभिव्यक्त गर्न, आफ्नो कुरा स्पष्टसँग भन्न,

दोहोरो कुराकानी गर्न, भाषा वोलाईमा तथा शव्दहरु प्रयोग गर्न, भन्न खोजेका कुरा प्रष्टियाउन कोशिष गर्न, मनमा लागेका कुरालाई भाषिक रुपमा व्यक्त गर्न, हाउभाउ वुझेर प्रतिक्रिया गर्न, नयाँ नयाँ एवम् रोचक पुस्तकहरुका आकर्षित भई पढ्ने प्रयास गर्ने आदि कुरा वालवालिकाको भाषाको विकास गराउने गरेको वताउनु भयो । त्यसैगरी व्यक्तिगत सरसफाईको विकास गराउनका लागि प्रारम्भिक वालविकास तहका वालवालिकाहरुलाई हात, मुख, खट्टा, नङ्ग सफा राख्ने, कपाल कोर्ने, खाजा र खाना खानु अघि सावुन पानीले राम्रोसँग हात धुने वानीको विकास गराउने, शौचालयवाट आएपछि हात सावुन पानीले राम्रोसँग हात धुने वानीको विकास गराउने, आफ्नो सरसामानको हिफाजात र सरसफाईमा ध्यान दिने आदि वानीको विकास गराउने गरेको शिक्षिकाहरुले वताउनु भएको थियो ।

विद्यार्थीहरुलाई विभिन्न शैक्षिक क्रियाकलापहरु गराएर पहिलो, दास्रो, तेस्रो हुनेलाई प्रत्साहन स्वरुप सानोतिनो पुरस्कार दिईने गरेको वताउनु भयो किनकी अरु विद्यार्थीहरुमा पनि पढ्नलाई ईच्छुक हुने गरुन् भनेर वा उक्त पुरस्कार प्राप्त गर्न वालवालिकाहरु वीच होडवाजी होस् भनेर र विद्यार्थीहरुको प्रतिस्पर्धाको भावना भयो भने वालवालिकाहरुले चाडो सिक्दछन् भनेर यस्तो पुरस्कृत गर्ने गरेको वताउनु भयो ।

विद्यार्थीहरुलाई खासै सजायको व्यवस्था नभएपनि धेरै फटाह विद्यार्थीलाई तर्साउनका लागि भएपनि मौखिक रुपले केही भनेर वा अरुलाई खेल्न दिएको वेला, चकलेट दिएको वेला नदिएर अव देखि राम्रो काम गरिस भने तिमीलाई पनि सजाय नदिई अरुलाई जस्तै माया गर्छु भनि फकाउने र राम्रो वानीको विकास गराउने गरेको वताउनु भयो । विद्यार्थीहरुलाई पढाएको कुरा जाने जानेनन् भनि सवैलाई पालैपालो भन्न लगाएर कुनैपनि कुरा कण्ठस्त पार्ने गरेको वताउनु भयो । साथै सामान्य खालका गृहकार्य जस्तै रंग भर्ने, रेखाहरु जोड्ने, छुटेको अंक पत्ता लगाउने आदि जस्ता गृहकार्य दिई परिक्षण गर्ने गरेको वताउनु भयो । गृहकार्य गर्ने विद्यार्थीलाई धन्यवाद दिई गृहकार्य नगर्ने विद्यार्थीलाई गृहकार्य गर्न प्रोत्साहित गर्ने र अभिभावकलाई पनि घरमा गृहकार्य गर्न सघाउन अनुरोध गर्ने गरेको वताउनु भयो । प्रारम्भिक वालविकास कक्षाका पाठहरु प्राय दोहोरीरहने भएकाले वालवालिकाहरु कहिलेकाही नआएमा पाठहरु छुट्ने डर खासै नहुने कुरा वताउनु भयो । यसवाट के वुझ्न सकिन्छ भने प्रारम्भिक बालविकास तहमा वालवालिकाले धेरैकुराहरु ग्रहण गर्न नसक्ने हुँदा थोरै पाठ्यक्रम राखी त्यसलाई दोहोऱ्याई रहनुपर्ने कुरा वुझ्न सकिन्छ ।

### ४.७ प्रारम्भिक वालविकास तहको परीक्षा प्रणाली

प्रारम्भिक वालविकास तहको परीक्षा प्राय गरी असार, कार्तिक र चैत्रमा गरी तीन पटक लिने गरेको वताउनु भयो । धेरै जन्ने विद्यार्थीलाई अभिभावक तथा शिक्षकहरुको सल्लाह अनुसार कक्षा चढाउने पनि गरेको वताउनु भयो । यस तहमा परिक्षा सञ्चालन गर्दा उनिहरुको पाठ्यक्रम अनुसारका नै प्रश्नहरु जस्तै चित्र पुरा गर्ने, रंग, भर्ने, छुटेको अंक पत्ता लगाउने , जस्ता प्रश्न निर्माण गरी परीक्षा संचालन गर्ने गरेको बतानु भयो । परीक्षामा परीक्षा समय निश्चित नगरीएको बताउनु भयो । परीक्षा सञ्चालन पश्चात यसको नतिजा प्राय सबै पास हुने किनकी कक्षामा दैनिक रुपमा दोहोऱ्याइ रहेका

क्रियाकलापहरु नै परीक्षामा विद्यार्थीलाइ दिने भएकाले ति समस्या सहजै समाधान गर्ने भएकाले प्राय सबै बिद्यार्थीलाइ उर्तिण गराउने गरेको बताउनु भयो ।

### ४.८ प्रारम्भिक वालविकास तहमा वालवालिकाको रेखदेखको अवस्था

विद्यालयको टिफिन समयमा दिदीदाजु हुने वालवालिकाका दिदीदाजुहरु आई उनीहरुको हेरचाह तथा खाजा खुवाउने, कोहीकोही वालवालिकाका अभिभावक नै आउने र कोही पनि नभएकाका लागि शिक्षिका तथा परिचारिकाहरुले खाजा खुवाउने गरेको पाईयो । खाजामा प्राय वालवालिकाहरुलाई मन पर्ने तथा पौष्टिक खानेकुरा नै हालिदिईएको पाईयो । वालवालिकालाई अल्छि लागेको समयमा टेलिभिजनवाट काटुन चित्र देखाई मनोरञ्जन गराईएका पाईयो । साथसाथै क्यासेट प्लेयरवाट वाल गीत सुनाइ नाच्न र गाउनका लागि प्रोत्साहित गरेको पाईयो । विद्यालयको समयको अन्त्यतिर उनिहरुलाई रमाईला गीत, नाच आदि गाँउन र नाच्न लगाई मनोरञ्जन गराईएको देखियो । यसवाट उनिहरुलाई भोलिपल्ट पनि आउने वातावरण वनाइएको देखियो । साथै वालवालिकाहरुलाई गृहकार्य जस्तै धर्का जोड्न लगाउने, चित्र पुरा गर्न लगाउने आदि जस्ता सामान्य स्तरका क्रियाकलाप दिइएको देखियो । अन्त्यमा लगभग ३ वज्न लाग्दा सम्ममा सवै वालवालिकाका अभिभावक लिन आएका र त्यस भन्दा अगाडी नै विदाई गीत गाइ साथीभाई र शिक्षिकाहरुलाई See you tomorrow भन्दै विदा भई आफ्ना अभिभावक सँग गएको देखियो । यस वाट के भन्न सकिन्छ भने विदा हुने वेलामा आफुसगै वसेका साथीभाईसग विदाई माग्नु पर्छ भन्ने कुरा पनि सिकाएको देखिन्छ । वालवालिकालाई अभिभावकको जिम्मा नलगाइकन नपठाएको पाईयो । यसवाट के वुभ्न सकिन्छ भने विद्यालय वालवालिकाहरुप्रति उत्तरदायी रहेको छ भन्न सकिन्छ ।

### ४.९ प्रशासनिक व्यवस्थापनको अवस्था

यस अध्ययन लाई पुरा गर्नको लागि श्री नील वराही उच्च मा.बि. कालिमाटीको प्रशासनिक व्यवस्थापनको अवस्था वुभ्नको लागि त्यस विद्यालयका प्र.अ श्री जानुका नेपाल सँग प्रारम्भिक वालविकास तह सँग सम्बन्धित प्रशासनिक, शैक्षिक, भौतिक अवस्था सम्वन्धित प्रश्नहरु राखी असंरचित अन्तरवार्ता लिइएको थियो । यस बिद्यालय श्री नील वराही उच्च मा.वि मा प्रारम्भिक वालविकास तहमा ४०-४५ जना विद्यार्थी हुने र यी विद्यार्थीहरु प्रायः यही वरपरका विशेष गरी कालिमाटी फलफुल तथा तरकारी वजारमा काम गर्ने वा स-सानो व्यापार गर्नेहरुका छोराछोरी हुने गरेको बताउनु भयो । सरकारी विद्यालय भएकाले आर्थिक रुपमा सम्पन्न अभिभावकहरुका छोराछोरीहरु नआउने गरेको वताउनु भयो । यस विद्यालयमा पढ्न आउने सामान्य तथा गरिव परिवारका छोराछोरी आउने गरेको वताउनु भयो । यस विद्यालयमा नेपाल सरकारबाट निर्धारण गरे अनुरुपको पाठ्यक्रम लागु गरेको वताउनु भयो । प्रारम्भिक वाल विकास तहमा बिद्यार्थीहरु भर्ना हुनलाई रु ५०० तिर्नुपर्ने र मासिक रु १५० तिर्नुपर्ने व्यवस्था रहेको वताउनु भएको थियो । जुन मासीक फिस बाट वालबालिकाहरु लाई कपीकलम तथा चकलेटको व्यवस्था समेत गरेको बताउनु भयो । यस विद्यालयमा सरकारी स्तरको विद्यालय भएकोले स-साना हुन्जेल यहाँ खेल्न, बस्न, पढ्न पठाउने र अलिक जान्ने भएपछि निजीस्तरको विद्यालयमा लैजाने अभिभावकहरुको प्रवृति रहेको वताउनु भयो । यसले गर्दा जब जान्ने विद्यार्थी वनायो तव अभिभावकले

निजीस्तरवाट सञ्चलित विद्यालयमा लैजाने गरेको वताउनु भयो । यसवाट के वुभ्न सकिन्छ भने यस्तो प्रवृतिवाट विद्यालय परिवार निरास भएको देख्न सकिन्छ ।

विद्यालयमा सवै शिक्षक तथा प्र.अ वसेर वर्ष भरिमा कति दिन छुट्टी गर्ने, कहिले छुट्टी गर्ने, कहिले परीक्षा गर्ने जस्ता कुराहरु आपसी छलफल र सहमतीमा गर्ने गरेको वताउनु भयो । प्रारम्भिक वालविकास तहको लागि बिभिन्न कथा कविता, रोमान्चक चित्र भएका पुस्तकहरु, बिभिन्न खेलौनाहरु, क्यासेट प्लेयर तथा टेलिभिजनको पनि व्यवस्था गरेको वताउनु भयो । शैक्षिक सामाग्रीहरु पर्याप्त मात्रामा नभएता पनि सामान्यतया रहेको र नपुग शैक्षिक सामाग्रीहरु उपलब्ध गराउन जिल्ला शिक्षा कार्यालय तथा अन्य विभिन्न सहयोगी संस्थाहरुसँग माग गरेको वताउनु भयो । शिक्षण सिकाई क्रियाकलापमा शैक्षिक सामाग्री जति वढि मात्रामा भयो त्यति नै वालवालिकाहरु सिक्नका लागि उत्प्रेरित हुने वा सिक्नको लागि उनिहरुको सहभागिता वढि मात्रामा हुने गरेको वताउनु भयो । विद्यालयको भौतिक पुर्वाधारको प्रमुख समस्यको रुपमा विद्यालयको आफ्नै खेलमैदान छैन जसले गर्दा स-साना वालवालिकाहरुलाई वाहिर खेल्न जान दिन सकिदैन । वालवालिकालाई प्रायः कक्षाकोठा भित्र मात्र सिमित गरेर राख्नु पर्ने हुन्छ यो एक प्रमुख समस्याको रुपमा रहेको छ भनि वताउनु भयो ।

## परिच्छेद पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव

प्रस्तुत अध्ययन काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका अन्तरर्गत कालिमाटीमा रहेको श्री नील वराही उच्च मा.वि. का प्रारम्भिक वालविकास तहमा अध्ययनरत वालवालिकाहरु, शिक्षक तथा प्रधानाध्यापक सँगको अन्तरवार्ता वाट प्रारम्भिक वालविकास तहको भौतिक र शैक्षिक अवस्थाको अध्ययन तथा अवलोकन गरी सुचना संकलन गरी यो अध्ययन प्रतिवेदन तयार गरिएको थियो । यो अध्ययन प्रारम्भिक वाल उमेरका वालवालिकाहरुको गतिविधिका आधारमा अन्तरक्रिया र अवलोकनको माध्यमवाट तयार पारिएको छ । जुन कार्य गर्नको लागि कक्षा अवलोकन, प्रधानाध्यापकको अन्तरवार्ता तथा सहयोगी कार्यकर्ताको अन्तरवार्ता जस्ता औजार प्रयोग गरी तयार पारिएको थियो । यसरी संकलन गरिएका सूचनाहरुको विष्लेषण र व्याख्याका आधारमा निम्न अनुसारका प्राप्तिहरु, निष्कर्षहरु तथा सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.१ प्राप्तिहरु

यस अध्ययनका उद्देश्य अनुरुप सूचना संकलन गरी व्याख्या विष्लेषण पश्चात प्राप्त प्राप्तिहरुलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

- प्रारम्भिक वालविकास तहको कक्षा सञ्चालन प्रत्येक दिन विहान १०:१५ देखि ३:०० वजे सम्म खुल्ने गरेको र दुई घण्टी र चार घण्टी पश्चात टिफिन हुने गरेको भएता पनि स-साना वालवालिकाहरु भएकाले गर्दा उनीहरुलाई वाहिर अर्थात शौचालन जानलाई टिफिन पर्खिरहनु नपर्ने गरेको पाईयो ।
- प्रारम्भिक वालविकास तहको पाठ्यक्रम भएता पनि वालवालिकालाई पाठ्यक्रम अनुसार ठ्याक्कै नपढाई वालवालिकालाई दैनिक आधारभुत क्रियाकलापहरु गराएको पाईयो ।
- प्रारम्भिक वालविकास तहका वालवालिकाहरुको परिक्षा वर्ष भरिमा ३ पटक असार, कार्त्तिक र चैत्रमा लिने गरेको पाईयो ।
- तिक्ष्ण दिमाग भएका वालवालिकाहरुलाई अभिभावक तथा सहजकर्ताहरुको सल्लाह अनुरुप कक्षा चढाउने व्यवस्था रहेको पाईयो ।
- वालवालिकाका लागि मनोरञ्जन गराई सिकाउनका लागि क्यासेट प्लेयर र टेलिभिजनको व्यवस्था गराईएको पाईयो ।
- विद्यालयको भौतिक पूर्वाधारहरु, भित्ते लेखन, खानेपानी, शौचालय, डेक्सटेवल, चकटी आदि जस्ता कुराहरु पर्याप्त भएपनि खेल मैदान सार्वजानिक ठाँउमा भएकाले स-साना वालवालिकाहरुका लागि असुरक्षित रहेको पाईयो ।
- विद्यालयको भौतिक संरचना निर्माण भईरहेको हुनाले वाहिर राखेका चिप्लेटी तथा पीङ्ग खोलेर केही समयका लागि राखिएको पाईयो ।

- अतिरिक्त क्रियाकलापमा सामान्यतया विहान पी. टी. खेलाई प्रार्थना, राष्ट्रिय गान तथा कक्षामा वालगीत गाएर नाच्न तथा अभिनय गर्न लगाईएको पाईयो ।
- रमाईलो तरिकाले गीत नाचगान गरी पढाउने कुरालाई वढि जोड दिएको पाईयो ।
- वालवालिकाहरुलाई आफ्नो स्वास्थ्य र आनिवानी राम्रो पार्नुपर्छ भन्ने कुरालाई गीतको माध्यमवाट अभिनय गरी देखाई र अभिनय गर्न लगाई सिकाएको पाईयो ।
- वालवालिकाहरु वाट मासिक रु १५० लिई त्यसवाट पाठ्यपुस्तिका र सिसाकलमको साथै चकलेटकाो पनि व्यवस्था गरिएको पाईयो ।
- कक्षाकोठामा कार्पेट विछ्याईएको भएकोले जुत्ता चप्पल वाहिर राख्नु पर्ने गरेको पाईयो तर जुत्ता चप्पल कक्षाकोठा वाहिर छरपष्ट रहेको पाईयो जसका लागि जुत्ता चप्पल राख्ने र्‍याकको व्यवस्था नभएको पाईयो ।
- वालवालिकाहरुको शारिरिक विकास गर्नको लागि हातले विभिन्न अंग छुन, दौडन, उफ्रन जस्ता क्रियाकलापहरु गराउने गरेको पाईयो ।
- वालवालिकाहरुको वौद्धिक विकास गर्नको लागि घाम लागेको, पानी परेको, चिसो तातो, तुलना गर्ने जस्तै ठुलो, सानो, लामो, छोटो, आफुले अघिल्ला दिन गरेका कार्यहरु सम्झेर वताउने जस्ता क्रियाकलाप गराउने गरेको पाईयो ।
- वालवालिकाहरुको सामाजिक विकासका लागि आफ्नो नाम, परिवारका सदस्यको नाम र नाता, घर र विद्यालयको ठेगाना साथै ठुलालाई आदर र सानालाई माया गर्ने, समुहमा मिलेर वस्ने आदि क्रियाकलापहरु सिकाईएको पाईयो ।
- वालवालिकाहरुको संवेगात्मक विकास गर्नको लागि ध्यान केन्द्रित गरेर वस्न, प्रशंसा गरेको वुझ्न, दोहोरो कुराकानी गर्न सक्ने, माया गर्ने, संवेग नियन्त्रण गर्ने जस्ता क्रियाकलापहरु गराउने गरेको पाईयो ।
- प्रारम्भिक उमेरका वालवालिकाको भाषाको विकास गराउन गीत गाउन, कथा भन्न, आफ्ना कुरा स्पष्टसँग वताउन, आफ्ना कुरा प्रष्टियाउन, नयाँ नयाँ रोचक कितावहरु पढ्न गराउने गरेको पाईयो ।

## ५.२ निष्कर्षहरु

यस अध्ययनको सूचनाको विष्लेषण र व्याख्या गरिसकेपछि प्राप्त भएका प्राप्तिहरुको आधारमा निम्न अनुसारको निष्कर्ष निकालिएको छ ।

यस अध्ययन क्षेत्र श्री नील वराही उच्च मा. वि. कालिमाटीको प्रारम्भिक वालविकास तहमा वालवालिकाको सहभागिता उच्च रहेको पाईयो । यहाँ आउने वालवालिकाहरु प्रायः गरी कालीमाटी फलफुल तथा तरकारी वजारमा व्यापार गर्नेका छोराछोरी रहेको पाईयो । वालवालिकाहरु व्राह्मण, क्षेत्री, राई, लिम्वु, मधेसी, नेवार आदि जातका समिश्रणका रुपमा पाईयो । विद्यालयमा पाठ्यक्रम र

पाठ्यपुस्तक भएपनि त्यसलाई हेरेर नपढाएपनि त्यसको आसय अनुसार पढाएको पाईयो । वालवालिकाहरुका लागि कक्षाकोठा तथा कक्षाकोठामा वस्न र खेल्नको लागि पर्याप्त नै रहेको देखिन्छ । तर वाहिर ग्राउन्डको कमि भएका कारण वालवालिकाहरु वाहिर खुलेआम रुपमा खेल्न जान नपाएको देखियो । वालवालिकाहरुलाई शारिरिक, मानसिक, वौद्धिक, संवेगात्मक एवम् सामाजिक विकास गराउने खालका विभिन्न क्रियाकलापहरु गराईएको देखियो ।

वालवालिकाहरुलाई राम्रो सँग शिक्षण गराउनका लागि विभिन्न शैक्षिक सामाग्रीहरु जस्तै खेलौनाहरु, टेलिभिजन, क्यासेछ प्लेयर, विभिन्न चित्रहरु आदिको राम्रो व्यवस्था गरेको देखिन्छ । वालवालिकाहरुको राम्रो सँग व्यवस्थापन गर्नको लागि दुई जना सहयोगी कार्यकर्ताको व्यवस्था गरेको पाईयो । साथै वालवालिकाहरुले फोहोर गर्दा सरसफाई गर्ने एकजना परिचारिका दिदीको व्यवस्था गरेको देखियो । विद्यालयको आफ्नो जग्गा कमि भएकाले वाहिर खेल्न असुरक्षित भएपनि पर्खाल भित्र विद्यालय भवन र त्यसमा गेटको व्यवस्था भएकाले सुरक्षित नै देखिन्छ । खानेपानी तथा शौचालयको राम्रो व्यवस्था भएको देखिन्छ । साथै प्रारम्भिक वालविकासमा शिक्षण गर्ने सहयोगी कार्यकर्तालाई अझ प्रभावकारी ढङ्गवाट तालिम दिनुपर्ने टड्कारो आवश्यकता देखिन्छ । साथै उनीहरुलाई पढाउनका लागि राम्रो तलव भत्ताको व्यवस्था पनि व्यवस्था गरिदिनु पर्ने देखिन्छ । अरुको तुलनामा न्यून तलवको कारणले गर्दा पनि उनीहरुमा पढाउन नैरस्यता छाउन सक्ने देखिन्छ । यसको लागि सरकारले उनीहरुलाई राम्रो तलव भत्ताको व्यवस्था गरी पुनरताजकी तालिम दिईरहनु पर्दछ ।

प्रारम्भिक वालविकास तहमा नेपाल सरकारले निर्धारण गरेको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका एवम् सन्दर्भ सामाग्रीहरुको व्यवस्था गर्नुपर्ने, वालवालिकाका लागि उपयुक्त वालमैत्री फर्निचरको व्यवस्था गर्नुपर्ने, प्रारम्भिक वालविकास केन्द्रको राष्ट्रिय न्यूनतम् मापदण्ड मार्गदर्शक पुस्तिक २०६७ अनुसारको व्यवस्था हुनुपर्ने, विषयवस्तुका साथै सहायक क्रियाकलाप गराउन पर्याप्त मात्रामा शैक्षिक सामाग्रीको व्यवस्था गर्नुपर्ने, आधारभुत तालिम प्राप्त सहयोगी कार्यकर्ता हुनुपर्ने, नियमित रुपमा प्रधानाध्यापक तथा अन्य सम्वन्धित निकायवाट अनुगमन तथा निरिक्षण हुनुपर्ने, वाह्य हस्तक्षेप नहुनु पर्ने आदि निष्कर्ष निकाल्न सकिन्छ ।

### ५.३ सुझावहरु

प्रारम्भिक वालविकास शिक्षाको भौतिक एवम् शैक्षिक अवस्थाको मूल्याङ्कन विषयको वारेमा साधनहरुको निर्माण गरी सुचना तथा तथ्याङ्कहरु संकलन गरी विष्लेषण र व्याख्या गरी प्राप्त प्राप्ति र निष्कर्षको आधारमा कमिकमजोरी हटाउनका लागि निम्न अनुसार सुझावहरु प्रस्तुत गरिएको छ ।

- विद्यालयको आफ्नै खेल मैदान नभएकाले विशेष गरी प्रारम्भिक वालविकास तहका वालवालिकाहरुको लागि एउटा ठुलो हलको व्यवस्था हुनुपर्ने र उक्त हल भित्र नै पिङ्ग तथा चिप्लेटी पनि हुनुपर्ने ।
- कक्षाकोठा भित्र जुत्ता चप्पल लैजान नपाईने भएकाले वाहिर छरपस्ट जुत्ता चप्पल हुने

गरेका जसको लागि जुत्ता चप्पल राख्नको लागि एउटा छुट्टै र्‍याकको व्यवस्था गरिनु पर्ने ।

- प्रारम्भिक वालविकासका सहजकर्ताहरुलाई वेलावेलामा तालिमको व्यवस्था गर्नुपर्ने ।
- प्रारम्भिक वालविकास तहका सहजकर्ताको तलव भक्ता वृद्धि गरी उनिहरुलाई शिक्षण गर्न प्रोत्साहित गर्नुपर्ने ।
- वालवालिकालाई खेल्नको लागि प्रर्याप्त मात्रामा खेलसामाग्री हुनुपर्ने ।
- वालवालिकाको प्रगति सम्वन्धि महिना महिनामा आन्तरिक मूल्याङ्कन वा परिक्षा गरिनु पर्ने ।
- वालविकासका लागि शिक्षक, प्रधानाध्यापक तथा अभिभावकहरु विचमा वेलावेलामा अन्तरक्रिया भईरहनु पर्ने ।
- वालविकास केन्द्रमा प्र. अ. लगाएत अन्य विभिन्न निकाय द्धारा नियमित अनुगमन तथा निरिक्षण गर्नु पर्ने ।
- विभिन्न परिवेस वाट आएका वालवालिकाहरु लाई शिक्षण गर्न वहुभाषिक क्षमता भएका सहजकर्ताको नियुक्ती गर्नु पर्ने ।
- वालविकास तहको विकासको लागि सरकारले आर्थिक लगानी वढाउनु पर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री

अधिकारी, विष्णुप्रसाद,(२०६८) *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* बागबजार, काठमाडौं : आशिष पुस्तक भण्डार ।

खतिवडा, लक्ष्मी, (२०६३), पूर्व *प्राथमिक शिक्षाको प्रभाव एक अध्ययन,* शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

खनाल, श्रीप्रसाद, (२०६६), *कार्यक्रम मुल्याङ्कन,* काठमाडौं : जुपिटर पब्लिकेशन, ।

जोशी, राधाकृष्ण, (२०५४), *प्रारम्भिक वालशिक्षा,* काठमाडौं : युनियन प्रेस प्रा.लि. ।

निउरे, ध्रुबप्रसाद, (२०६८), *पाठ्यक्रम योजना र अभ्यास, काठमाडौं* : सनलाइट पब्लिकेसन ।

भट्टराई, सत्यवती, (२०६४), *सस्थागत र सामुदायिक विद्यालयमा प्रारम्भिक वालविकास शिक्षाको भौतिक एवम् शैक्षिक अवस्थाको तुलनात्मक अध्ययन,* शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

शर्मा, गोपीनाथ, (२०६६), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु,* काठमाडौं : मकालु प्रकाशन गृह डिल्लीबजार ।

शर्मा, चिरञ्जीवी र निर्मला, *शिक्षा मनोविज्ञान,* काठमाण्डौ : एम.के पव्लिसर्स एण्ड डिष्ट्रीव्युटर्स ।

शिक्षा विभाग (२०६८), *गुणस्तरिय शिक्षाको लागि वालमैत्री विद्यालय राष्ट्रिय प्रारुप* ।

शिक्षा विभाग (२०६७), *प्रारम्भिक वालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका,* सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग (२०६८), *प्रारम्भिक वालविकास केन्द्रको व्यवस्थापन समितिका पदाधिकारीहरूका लागि तिन दिने तालिम पुस्तिका* ।

शिक्षा विभाग (२०६७), *प्रारम्भिक वालविकास केन्द्र* व्यवस्थापन समितिका पदाधिकारीहरुका लागि ३ दिने तालिम पुस्तिका ।

शिक्षा विभाग (२०६२), *प्रारम्भिक वालविकास दिग्दर्शन,* सानोठिमी, भक्तपुर : प्रारम्भिक वालविकास शाखा, सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग (२०६८), *पेडागोजी प्याकेज,* सानोठिमी भक्तपुरः प्रारम्भिक वालविकास शाखा ।

शिक्षा विभाग (२०५९), *वालविकास कार्यक्रम सम्वन्धि पत्रिका* : काभ्रे अफसेट प्रेस तिनकुने ।

शिक्षा विभाग (२०५९), *वालविकास पुर्नताजकीय तालिम पुस्तिका,* काठमाण्डौ : काभ्रे अफसेट प्रेस तिनकुने ।

शिक्षा विभाग (२०६१), *नेपालमा प्रारम्भिक वालविकास सम्बन्धी रणनीतिक पत्र,* नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय ।

श्रेष्ठ, प्रकाशमान (२०५९), *विकासका निम्ति शिक्षा* ।

CERID (2009), Jornal of early childhood development, volume IV

CERID(2009) , Third National conference on early childhood development, 2009

Ranjitkar, Kiran Ram (2010), Curriculum Theory, kathmandu : New Hera Book Enterprises.

## अनुसुची १

## कक्षा अवलोकन फारमः

विद्यालयको नाम :

विषय

:

शिक्षकको नाम :

घण्टी:

कक्षा :

मिति

:

१.शिक्षक कुन समयमा कक्षामा प्रवेश गर्नुभयो ?

उत्तरः-......................................................................................................................

२. पाठको प्रारम्भमा के गरियो ?

उत्तरः-......................................................................................................................

३. शिक्षकले पाठ कसरी शुरु गर्नुभयो ?

उत्तरः-......................................................................................................................

४. शिक्षकले विद्यार्थीहरुको पाठ्यपुस्तक प्रयोग गर्नुभयो वा आफैले ल्याउनुभयो ?

उत्तरः-......................................................................................................................

५. पाठ्यपुस्तकको प्रयोग कसरी गर्नुभयो ?

उत्तरः-.....................................................................................................................

६.शिक्षकले कति विद्यार्थीहरुलाई प्रश्न सोध्नुभयो ?

उत्तरः-.....................................................................................................................

७. कसरी प्रश्न सोध्नुभयो ?

उत्तरः-.....................................................................................................................

८. के कति विद्यार्थीहरुले उत्तर दिए ?

उत्तरः-.....................................................................................................................

९.के कति विद्यार्थी सक्रिय थिए ?

उत्तरः-.....................................................................................................................

१०. के कति विद्यार्थीहरु निश्क्रिय थिए ?

उत्तरः-.....................................................................................................................

११. के कति विद्यार्थीलाई पृष्ठपोषण दिनुभयो ?

उत्तरः-.......................................................................................................

१२. के कति विद्यार्थीहरुलाई सजाय दिनुभयो/भएन ?

उत्तरः-.......................................................................................................

१३. शिक्षकले विद्यार्थीलाई कसरी प्रोत्साहित गर्नु भयो ?

उत्तरः-.......................................................................................................

१४. शिक्षकले पाठको सारांश दिदा कुन प्रकृया अपनाउनुभयो ?

उत्तरः-.......................................................................................................

१५. शिक्षकले पाठको अन्त्य कसरी गर्नुभयो ?

उत्तरः-.......................................................................................................

१६. शिक्षक कुन समयमा कक्षा सकेर वाहिरिनुभयो ?

उत्तरः-.......................................................................................................

## अनुसुची २

**(ग) प्र.अ.का लागि अर्न्तवार्ता फारम :**

विद्यालयको नाम : मिति :

प्र.अ.को नाम :

तालिम :

विशिष्टीकरण :

१. तपाईको विद्यालयमा (प्रारम्भिक वाल विकास तहको पाठ्यक्रम के छ ?

उत्तरः-.....................................................................................................

२. तपाईको विद्यालयमा नेपाल सरकारले निर्धारण गरेको प्रारम्भिक वाल विकास केन्द्रको पाठ्यक्रम उपलब्ध छ ?

उत्तरः-.....................................................................................................

३. पाठ्यपुस्तक छनौट गर्दा कस्ता कस्ता समस्याहरु आइपरेका थिए ?

उत्तरः-.....................................................................................................

४. पाठ्पुस्तक सम्वन्धी कमीकमजोरीहरु के के होलान ?

उत्तरः-.....................................................................................................

५. राम्रो पाठ्यपुस्तकको व्यवस्था गर्नका लागि के गर्नुपर्ला ?

उत्तरः-.....................................................................................................

६. तपाईंको विद्यालयको वार्षिक क्यालेण्डर कसरी वनाउनुभयो ?

उत्तरः-.....................................................................................................

७. पूर्व प्राथमिक तहमा शिक्षण गराउने विषयवस्तु के-के राख्नु भएको छ ?

उत्तरः-.....................................................................................................

८. प्रारम्भिक वाल विकास दिग्दर्शनले निर्धारण गरे बमोजिम कार्यान्वयन भएको छ ?

उत्तरः-.....................................................................................................

९. के कस्ता शैक्षिक सामग्रीको व्यवस्था गर्नु भएको छ ?

उत्तरः-.....................................................................................................

१०. ती शैक्षिक सामग्रीहरु पर्याप्त छन् कि छैन ?

उत्तरः-.....................................................................................................

११. यदि छैनन भने शैक्षिक सामग्रीको उपलब्धताका लागि के पहल गर्नु भएको छ ?

उत्तरः-........................................................................................................

१२. शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता कस्तो छ ?

उत्तरः-........................................................................................................

१३. वालवालिकाहरुको शारीरिक, बौद्धिक,संवेगात्मक विकास गराउने कस्ता क्रियाकलाप गराउनु हुन्छ ?

उत्तरः-........................................................................................................

१४. भौतिक पुर्वाधारको व्यवस्था कसरी गर्नुभएको छ ?

उत्तरः-........................................................................................................

१५. भौतक पुर्वाधार सम्वन्धी समस्याहरु के के होलान् ?

उत्तरः-........................................................................................................

१६. भौतिक पुर्वाधारको राम्रो व्यवस्थापन गर्न के गर्नुपर्ला ?

उत्तरः-........................................................................................................

१७. शिशुकक्षाका शिक्षकहरुको छनौट कसरी गर्नुहुन्छ ?

उत्तरः-........................................................................................................

१८. शिक्षक छनौटका समस्याहरु के के छन् ?

उत्तरः-........................................................................................................

१९. शिक्षक छनौटका आधारहरु के के लिनु भएको छ ?

उत्तरः-........................................................................................................

२०. यस तहमा अध्यापन गराउने शिक्षकलाई तालिम उपलब्ध गराउनु भएको छ कि छैन ?

उत्तरः-........................................................................................................

२१. यदि छैन भने यसको व्यवस्था कसरी मिलाउनु हुन्छ ?

उत्तरः-........................................................................................................

२२. कहिलेकाहीँ अभिभावक/श्रोत व्यक्तिलाई वोलाएर छलफल गर्नुभएको छ वा छैन ?

उत्तरः-........................................................................................................

२३.कस्ता कस्ता अतिरिक्त कृयाकलाप संचालन गर्ने योजना छ ?

उत्तरः-........................................................................................................

२४.अतिरिक्त कृयाकलाप सम्वन्धी के के समस्याहरु छन् ?

उत्तरः-........................................................................................................

२५. राम्रोसँग अतिरिक्त कृयाकलाप गराउन के के गर्नुपर्ला ?

उत्तरः-........................................................................................................

२६. शिशु कक्षाको परीक्षा सञ्चालन कसरी गर्नुहुन्छ ?

उत्तरः-.....................................................................................................................

२७. परीक्षा सञ्चालन सम्वन्धी देखिएका समस्याहरु के के होलान् ?

उत्तरः-.....................................................................................................................

२८.परीक्षा संचालनमा सुधार गर्न के के गर्नुपर्ला ?

उत्तरः-.....................................................................................................................

२९. पूर्व प्राथमिक तहको वालवालिकाको मूल्याङ्कन गर्ने विधि कस्तो अपनाउनु भएको छ ?

उत्तरः-.....................................................................................................................

३०. विद्यार्थी भर्ना गर्ने आधारहरु के के छन् ?

उत्तरः-.....................................................................................................................

३१. विद्यार्थी भर्ना गर्दा कति वर्ष उमेर पुगेकालाई भर्ना लिनुहुन्छ ?

उत्तरः-.....................................................................................................................

३२. उमेर र क्षमताको आधारमा विच विचमा कक्षा चढाउने गर्नुभएको छ की छैन ?

उत्तरः-.....................................................................................................................

३३. पूर्व प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयन गर्दा आइ परेका समस्याहरु के के छन् ?

उत्तरः-.....................................................................................................................

३४. ती समस्याहरुलाई के कसरी समाधान गर्नु भएको छ ?

उत्तरः-.....................................................................................................................

**अनुसुची ३**

**(घ) शिक्षकका लागि अर्न्तवार्ता/प्रश्नावली :**

विद्यालयको नाम :

शिक्षकको नाम : योग्यता :

विशिष्टिकरण :

१. शिक्षकको पेशागत स्थिति :

(क) निजीस्तर:

(ख) सरकारी स्तरमा:

(अ) स्थायी (आ) अस्थायी (इ) राहत

(ई) पि.सि.एफ. (उ)अन्य

२. पूर्व प्राथमिक तहको शैक्षिक उद्देश्य राख्नु भएको छ, छैन ?

उत्तरः-...................................................................................................................

३. यदि छ भने के के राख्नु भएको छ ?

उत्तरः-...................................................................................................................

४. मनिटरको व्यवस्था कसरी गर्नुभएको छ ?

उत्तरः-...................................................................................................................

५. हाजीरी कुन समयमा गर्नु हुन्छ ?

उत्तरः-...................................................................................................................

६. प्रारम्भिक वालविकासमा पढाउने सवै पाठ्यपुस्तकहरु विद्यालयवाट उपलब्ध भएका छन कि छैनन् ?

(क) छन (ख) छैन्न

७. तपाईंले पढाउने विषयको पाठ्यपुस्तकको छनोट कसरी गर्नुभएको छ ?

उत्तरः-...................................................................................................................

८. तपाईंले पढाउने विषयको पाठ्यपुस्तकमा के के कमीकमजोरीहरु पाउनुभएको छ ?

उत्तरः-...................................................................................................................

९.तपाईको विषय पढाउँदा के कस्ता कठिनाईहरु आईपरेका छन् ?

उत्तरः-...................................................................................................................

---

१०. पूर्व प्राथमिक तहका लागि उपलब्ध गराइएका भौतिक व्यवस्थापन पठनपाठन गराउन पर्याप्त छ/छैन ?

उत्तरः-...................................................................................................................

११. यदि छैन भने त्यसको उचित व्यवस्थापनका लागि के पहल गर्नु भएको छ ?

उत्तरः-..........................................................................................................

१२.के पाठ्युस्तक छनौट गर्दा शिक्षकको राय लिईन्छ ?

(क) लिईन्छ (ख) लिइदैन

१३. पूर्व प्राथमिक तहका लागि यहाँ उपलब्ध शैक्षिक सामग्री पर्याप्त छ, छैन ?

उत्तरः-..........................................................................................................

१४. यदि छैनन भने त्यसको उपलब्धताका लागि के पहल गर्नु भएको छ ?

उत्तरः-..........................................................................................................

१५. शैक्षिक सामग्री नहुँदा तथा प्रयोग नगर्दा विद्यार्थीहरुको सिकाइमा के कस्ता समस्या देखिएका छन् ?

उत्तरः-..........................................................................................................

१६. यस तहका वालवालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक विकास गर्न के-के क्रियाकलाप गराउनु भएको छ ?

उत्तरः-..........................................................................................................

१७. कक्षा कृयाकलापमा के कस्ता समस्याहरु आईपरेको छन ?

उत्तरः-..........................................................................................................

१८. विद्यार्थीलाई कसरी पुरस्कृत गर्नुहुन्छ ?

उत्तरः-..........................................................................................................

१९. विद्यार्थीलाई कसरी सजाय गर्नुहुन्छ ?

उत्तरः-..........................................................................................................

२०. अहिले कक्षामा कतिजना विद्यार्थीहरुले पढाएको कुरा जाने होलान् ?

उत्तरः-..........................................................................................................

२१. गृहकार्य कसरी दिनु हुन्छ ?

उत्तरः-..........................................................................................................

२२. गृहकार्य कसरी परीक्षण गर्नुहुन्छ ?

उत्तरः-..........................................................................................................

२३. गृहकार्य कति परीक्षण गर्न भ्याउनुहुन्छ ?

उत्तरः-..........................................................................................................

२४.गृहकार्य गर्न नसक्नेहरुलाई कसरी सिकाउनु हुन्छ ?

उत्तरः-..........................................................................................................

२५. अनुपस्थित हुने विद्यार्थीहरुलाई छुट्पाठ कसरी पढाउनुहुन्छ ?

उत्तरः-..........................................................................................................................

२६. प्रश्नपत्र कसरी निर्माण गर्नुहुन्छ ?

उत्तरः-..........................................................................................................................

२७. परीक्षा कुन कुन तरिकावाट संचालन गर्नु हुन्छ ?

उत्तरः-..........................................................................................................................

२८. परीक्षा कति समय सञ्चालन गर्नुहुन्छ ?

उत्तरः-..........................................................................................................................

२९. उतीर्णाङ्क कसरी निर्धारण गर्नुभएको छ ?

उत्तरः-..........................................................................................................................

३०.परीक्षा सञ्चालनमा के कस्ता समस्याहरु देखापर्छन् होला ?

उत्तरः-..........................................................................................................................

३१. परीक्षालाई राम्रो वनाउन के गर्नुपर्ला ?

उत्तरः-..........................................................................................................................

३२. विद्यार्थीहरुको नतिजा राम्रो वनाउन के गर्नुपर्ला ?

उत्तरः-..........................................................................................................................

३३. विद्यार्थीहरुलाई कसरी कक्षा चढाउने व्यवस्था गर्नु भएको छ ?

(क) सवै विषयमा उतीर्णलाई (ख) एक विषय अनुतीर्णलाई

(ग) एकभन्दा वढी विषय अनुतीर्णलाई (ग) सवैलाई पास

३४. शैक्षिक सामाग्रीको उपलब्धता के छ ?

उत्तरः-..........................................................................................................................

३५. प्रयोगको अवस्था के छ ?

` उत्तरः-..........................................................................................................................

३६ उपलब्ध नभएरै हो की उपलब्ध भएर पनि प्रयोग नगरिएको हो ?

उत्तरः-..........................................................................................................................

३७. पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउन के-के सुधारका उपायहरु अपनाउनु भएको छ ?

उत्तरः-..........................................................................................................................